नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

आइतबार, असोज ८, २०७४ | Sunday, September 24, 2017 | www.newsofnepal.com | नेसं ११३७ कौला थ्वः ४ | वर्ष २३, अंक २५७ | पृष्ठ १२ | मूल्य रू. १०/–











# नयाँ कुमारी चयनमा विवाद

ईश्वरराज ढकाल, काठमाडौं

कुमारी घरका चिताइदारले तलेजुको मूल पुजारीलाई जानकारी नै नदिई सुटुक्क नयाँ कुमारी छनोट प्रक्रिया सकेका छन्।

अष्टमीको दिन हाल कुमारीका रूपमा रहेकी मतिना शाक्यलाई बिदा गरी नयाँ कुमारी प्रतिस्थापन गर्ने तयारी भएको छ। त्यसका लागि चिताइदार गौतम शाक्यले सम्पूर्ण प्रक्रिया पूरा गरी राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष निवेदन पेस गरिसक्नुभएको छ।

नयाँ कुमारी छनोट समितिका पदाधिकारीलाई जानकारी नै नदिई शाक्यले एकलौटी रुपमा कुमारी परिवर्तन गर्ने तयारी गर्नुभएको छ। चिताइदार शाक्यले एक टोली लिएर राष्ट्रपति भण्डारीसमक्ष नयाँ कुमारीको विषयमा जानकारी दिनुभएको छ। टोलीले भदौ ३१ गते नयाँ आउने कुमारीको बारेमा जानकारी दिएको थियो। तर गुठी संस्थानले १२ वर्ष उमेर पुगिसक्नुभएकी कुमारी परिवर्तन गर्न समिति बनाएको थियो।

समितिले काम अघि बढाइरहेको अवस्थामा शाक्य एक्लैले कुमारी छनोट प्रक्रिया अघि बढाउनुभएको छ। स्रोतका अनुसार उहाँले राष्ट्रपति कार्यालयमार्फत संस्कृति मन्त्रालयमा कुमारी परिवर्तन गर्ने प्रक्रिया मिलाइसक्नुभएको छ। तर समितिले भने अहिलेकै प्रक्रियाअनुसार कुमारी छनोट गर्न असम्भव भएको जनाएको छ।

कुमारी छनोट गर्न गुठी संस्थानका उपप्रशासक दीपक पाण्डेको संयोजकत्वमा तलेजुका मूल पुजारी उद्धव कर्माचार्य, राजगुरुज्यू पञ्चबुद्ध, जोशी नाइके र चिताइदार सदस्य रहेको समिति गठन गरेको थियो। समितिले काम शुरू गरिनसकेको अवस्थामा एकाएक चिताइदारले नयाँ कुमारी छनोट गर्न खोज्नु अचम्मको विषय बनेको छ। तर चिताइदार शाक्यले भने आफूले प्रक्रियागत रूपमै कुमारी छनोटको गरेको दाबी गर्नुभयो। तर समितिको अधिकांशले विधि नपुऱ्याईकनै एकाएक राष्ट्रपतिसमक्ष निवेदन चढाउनु गलत भएको बताएका छन्। 'हामीसँग कुरै भएको छैन, कसरी राष्ट्रपतिसमक्ष निवेदन पुग्यो, यो गम्भीर विषय हो।' -तलेजुका मूल पुजारी उद्धव कर्माचार्यले भन्नुभयो। उहाँले सबैको सहमतिबेगर कुमारी छनोट भए आफूहरूले मान्यता नदिने बताउनुभयो।

> चिताइदार र मूल पुजारीबीच लामो समयदेखि खटपट हुँदै आएको छ। कुमारी छनोट गरी राष्ट्रपतिलाई समेत जानकारी दिइसकेको अवस्थामा चिताइदारले कुमारी छनोट भएको छैन भन्नु सरासर झुट हो।

'भर्खरै नयाँ कुमारी छनोट प्रक्रिया शुरु भइरहेको छ', कुमारी छनोट समितिका संयोजक एवम् गुठी संस्थानका उपप्रशासक पाण्डेले भन्नुभयो- 'कसरी हल्ला भइरहेको छ, मलाई जानकारी नै छैन।'

उहाँले समितिले प्रक्रियागत रूपमै कुमारी छनोट हुने स्पष्ट पार्नुभयो। तर शाक्यले समितिको बैठकमा नयाँ कुमारीको विषयमा छलफल अगाडि नबढाई एकलौटी रुपमा कुमारी छनोट गरेको आरोप लागेको छ। चिताइदार शाक्यले कुमारी परिवर्तन गर्ने तयारी भएपछि अहिलेसम्म केही थाहा नभएको बताउनुभयो। मूल पुजारीसँग खटपट भएको कारण कुमारी छनोटमा समस्या पर्ने भएपछि शाक्यले अहिले तयारी नभएको बताउनुभयो। उहाँले भन्नुभयो- 'परिवर्तन गर्ने बेला भएको छ तर एक दुई दिनपछि मात्रै निर्णय होला।' चिताइदारले असननजिकै रहेको बहालबाट कुमारी छनोट गरिसक्नुभएको छ। तलेजुका मूल पुजारी उद्धव कर्माचार्यले आफूलाई जानकारी नै नदिई कुमारी परिवर्तन गर्न लागेकामा आपत्ति जनाउँदै परम्परालाई नमानी मनपरी रूपमा छनोट गरेको कुमारीको विषयमा आफूले कुनै सहयोग नगर्ने स्पष्ट पार्नुभयो।

चिताइदार र मूल पुजारीबीच लामो समयदेखि खटपट हुँदै आएको छ। कर्माचार्यले कुमारी छनोट गरी राष्ट्रपतिलाई समेत जानकारी दिइसकेको अवस्थामा चिताइदारले कुमारी छनोट भएको छैन भन्नु सरासर झुट भएको आरोप लगाउनुभयो।

'असन बहालबाट आफन्त पर्नेलाई कुमारी छनोट गरेको सुनेको छु। उहाँले हामीलाई हालसम्म जानकारी नदिएर एकलौटी गर्न थाल्नुभएको छ। कुनै पनि हालतमा हामीलाई मान्य हुने छैन।' -कर्माचार्यले भन्नुभयो। तर चिताइदार शाक्यले भने सबै कुरा झुटो भएको बताउनुभयो।

जीवित देवी कुमारीलाई परिवर्तन गर्न मूल पुरोहित कर्माचार्यसहितको तान्त्रिक टोलीले १५ दिनअघि नै नयाँ बन्ने कुमारीको चिनाअनुसार जुराउनुपर्नेछ।

तान्त्रिक विधिबाट कुमारीको चिना जुराइसकेपछि नयाँ कुमारीले राष्ट्रप्रमुखलाई विशेष किसिमको फूल, १० वटा सुपारी, विभिन्न सामाग्रीसहित आफू नयाँ कुमारी हुन लागेको जानकारी गराउनुपर्नेछ। तान्त्रिक र गुरुसहितको समितिले सिफारिस गरेको कुमारी छनोट गरी राष्ट्रपतिलाई जानकारी गराउनुपर्ने र राष्ट्रपतिले स्वीकृत गरेपछि मात्रै कुमारी छनोट हुने परम्परा रहेको छ।

हाल काठमाडौंमा शाक्यहरू कुमारी हुँदै आएका छन्। काठमाडौंमा रहेका १८ बहालमध्ये ६ वटामा शाक्य बस्ने गरेका छन्। ती शाक्यमध्येबाट कुमारी छनोट हुने परम्परा रहँदै आएको छ। 'मबाट कुमारी परिवर्तन हुनुपर्छ तर हचुवाको भरमा एकलौटी रुपमा परिवर्तन गर्न खोजिएको छ। हामीबाट सहयोग हुनेवाला छैन।' -कर्माचार्यले भन्नुभयो।

चिताइदारले अष्टमीमा नयाँ कुमारी परिवर्तन गर्ने तयारी गरे पनि विवादको कारण निश्चित हुन सकेको छैन। राष्ट्रको जीवित देवीलाई मनपरी रुपमा छनोट गरी प्रतिस्थापन गर्न नमिल्ने बताउँदै समितिको निर्णयअनुसार तान्त्रिक विधिबाट छनोट गरिनुपर्ने उल्लेख गर्नुभयो।

परम्पराअनुसार अष्टमीको दिन नयाँ कुमारीलाई कुमारी घरमा रहेको सिंहासनमा राखि तन्त्रिक विधिअनुसार प्राण प्रतिष्ठा गर्ने र भोलिपल्ट नवमीको दिन तलेजु भवानीको प्रत्यक्ष दर्शन गरेपछि मात्रै उहाँलाई जीवित देवीका रुपमा पूजा गर्ने परम्परा रहेको छ। सबै परम्परा तोडेर मनोमानी रुपमा कुमारी परिवर्तन गर्न खोज्नु चिताइदारको गलत नियत भएको मूल पुजारी कर्माचार्यको आरोप लगाउनुभयो।






नेपाल समाचारपत्र
www.newsofnepal.com
2017, SEP
Sunday
24

महानगर

मलाई पार्टीले आधिकारीकरूपमा प्रदेश नम्बर ६ को मुख्यमन्त्रीको उम्मेदवार भनेर केही भनेको छैन। पार्टीले मेरो आवश्यकता देख्यो र निर्णय गऱ्यो भने पार्टीको निर्णयविरुद्ध जान्नँ।

# 'अब पाँच वर्ष सरकार चलाउने प्रणालीको विकास गर्नुपर्छ'



जीवनबहादुर शाही
नेता, नेपाली कांग्रेस

स्थानीय तहको निर्वाचन सम्पन्न भएसँगै राजनीतिक दलहरु आगामी मंसिर १० र २१ हुने संघ र प्रदेश सभाको निर्वाचनको तयारीमा जुटेका छन्। रानजीतिक दलहरूभित्र नेताबीच टिकटका लागि दौडधुप शुरु भएको छ। निवार्चनका लागि राजनीतिक दलहरूबीच जोड-घटाउसमेत शुरू भएको छ। निर्वाचनको मिति नजिकिँदै जाँदा सत्तारूढ दल नेपाली कांग्रेसभित्र आन्तरिक विवाद पनि चुलिँदै गएको छ। पार्टी संस्थागतरूपमा नचलेको भन्दै नेता रामचन्द्र पौडेल पक्षले असन्तुष्टि जनाउँदै आएको छ भने संस्थापन पक्षले भागवण्डा नमिल्दा मात्र गुनासो गरिरहने प्रवृत्ति गलत भएको बताएको छ। संघ र प्रदेश सभाको निर्वाचनका लागि आफ्नो क्षेत्र बलियो बनाउनेभन्दा पनि सम्भावित उम्मेदवारहरु टिकट पाउनका लागि नेताको घरदैलो धाउनमै व्यस्त भएका छन्।

कांग्रेसभित्र विचार र सिद्धान्तको बहसभन्दा पनि भागवण्डाको राजनीति फाङ्गिँदै गएको छ। कांग्रेस केन्द्रदेखि गाउँ तहसम्म नै गुट र उपगुटमा विभाजित छ। पार्टीभित्र इमान्दारीपूर्वक पार्टीमा गरेको योगदानभन्दा पनि नेताहरूको गुलामी गरेर टिकट हत्याउने प्रचलन बढ्दै गएको भन्दै असन्तुष्टि चुलिदै गएको छ। यसै विषयमा नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहनुभएका हुम्लाबाट निर्वाचित सांसद जीवनबहादुर शाहीसँग पार्टीभित्र फाङ्गिँदै गएको गुटबन्दी, महँगो बन्दै गएको निर्वाचन प्रणाली, आगामी संघ र प्रदेश सभाको निर्वाचनलगायतको विषयमा केन्द्रित रहेर नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझी**ले गरेको कुराकानी :

**स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ। कांग्रेसले अहिलेसम्मको परिणामलाई कसरी लिएको छ ?**

जुन ढंगले पार्टीले स्थानीय तहको निर्वाचनमा विजयी हासिल गर्नुपर्दथ्यो। त्यो हुन सकेन। २ नम्बर प्रदेशमा जारी मतगणनामा पार्टीले अग्रता लिएको छ। प्रदेश नम्बर २ मा हाम्रो पार्टीले धेरै नै स्थानमा विजयी हासिल गर्छ भन्ने थियो। तर, त्यसरी परिणाम आउन सकेन। पहिलो र दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा उम्मेदरी छनोट प्रक्रियामा पनि केही कमी-कमजोरी भयो। पार्टीभित्र आफूले टिकट पाए ठीक नपाए बेठीक भन्ने संस्कार हुर्किंदै गएको छ। यसको प्रभावले पनि कतिपय जित्ने स्थानीय तहमा पनि हार्नुपरेको यथार्थ छ।

**पार्टीभित्र नै संस्थागतरूपमा पार्टी चलेन संस्थापन पक्षले मनोमानीरूपमा अगाडि बढ्यो भन्ने विवाद छ नि ?**

शुरुमा पार्टीभित्र गुट मात्र थियो। अहिले पार्टीभित्र उपगुट पनि फाङ्गिँदै गएको छ। यसरी पार्टी चल्नुहुँदैन। संस्थागतरूपमा पार्टी चल्नुपर्छ। यसमा कुनै दुविधा नै छैन। हिजो जसरी पार्टी चल्दै आएको थियो। आज त्योभन्दा भिन्न ढंगले चलेको भन्ने त मलाई लाग्दैन। पहिला पार्टीभित्र दुई वटा गुटजस्तो देखिन्थो । तर, अहिले ३/४ जनाको व्यक्तिको पनि गुटमाथि उपगुट देखिन्छ। पार्टीभित्र गुट-उपगुटको जन्म हुनु यो राम्रो पक्ष होइन। पार्टी विधि र सिद्धान्तले चल्नुपर्छ। संस्थागतरूपमा नचलेको भनेर व्यक्ति विशेषमा निर्णय गरेको पनि देखिँदैन। पार्टी संस्थागतरूपमा चलेन भनेर असन्तुष्टि जनाउने तर फेरि ५/७ जना नेता बसेर निर्णय हुँदै आएको छ। पार्टीले लिने महत्त्वपूर्ण निर्णयमा केन्द्रीय कार्यसम्पादन समितिको बैठक बसेको छ।

शीर्ष नेताहरु बसेर नै निर्णय हुँदै आएको छ। पार्टीका शीर्ष नेताहरु बसेर लिने निर्णयलाई संस्थागत भएन भन्न सुहाउँदैन। फेरि हामी कस्ता छौं भने आफ्नो पक्षमा निर्णय हुँदा संस्थागत हुने र आफ्नो पक्षमा निर्णय नहुँदा संस्थागत भएन भन्छौं। पार्टी सञ्चालनमा विगतदेखि नै कमी-कमजोरी छन्। अहिले पनि छ। असन्तुष्टि जनाउनुपर्ने खासै कारण म देख्दिनँ। किनकि यसरी पार्टी चल्नु कांग्रेसको परम्परा नै बनिसकेको छ। मैले पार्टीमा राजनीतिक गरेको ३० वर्ष भयो। हिजो पनि यही देखिन्थ्यो। अहिले पनि यही नै छ। तर, केलाई संस्थागत भन्ने ? गुट-उपगुटका नेताहरु बसेर आफ्नो भागवण्डामा सहमति गर्नु नै भएको छ। चित्त नबुझेको कुरालाई संस्थागत भएन भन्ने सुहाउने विषय होइन।

**पार्टीभित्र योगदान दिएको इमान्दार नेतालाई भन्दा पनि नेताहरूलाई खुसी पारेर टिकट लिने परम्परा बढ्दै भएको गएको हो ?**

पार्टीभित्र आदर्शको राजनीतिक पछि परेको देखिन्छ। मलाई ३-३ पटक पार्टीको केन्द्रीय सदस्य बनाउनुभयो। म आफैं पनि हुम्ला जिल्लामा २३ वर्ष पार्टी सभापति भएर काम गरें। त्यति बेला के हुन्थ्यो भने हामीले साच्चिकै जनताको सेवा गऱ्यो भने जनताप्रति बफादार र इमान्दार भयो भने नै नेतृत्वप्रति विश्वास हुँदो रहेछ भन्ने महसुस गरेको थिए। असल काम गर्दा जनताको विश्वास हुने आभाष भएको थियो। अहिले पार्टीभित्र स्वच्छ प्रतिस्पर्धाभन्दा पनि भागवण्डाको राजनीतिक संस्कारले जरो गाडेको देखिन्छ। तरुण दलमा निर्वाचनमार्फत् नेतृत्वको छनोट हुनुपर्दथ्यो। किनकि जसले जिते पनि कांग्रेसले नै जित्ने हो। निर्वाचनमार्फत् नेतृत्व छनोट भएको भए त्यो नेतृत्वमाथि प्रश्न चिह्न उठाउने आँट कसैले पनि गर्न सक्दैनन्। सहमतिको राजनीतिक पनि पार्टीभित्र राम्रो नै हो। तर, भावण्डाको राजनीतिको संस्थालाई अगाडि बढाउँदा आन्तरिक लोकतन्त्र कमजोर हुन्छ। पार्टीभित्र स्वच्छ प्रतिस्पर्धामार्फत् नेतृत्वमा पुग्ने संस्कार चाहिएको छ। भागवण्डाको राजनीतिले राम्रो सन्देश दिएको छैन। मैले यो प्रक्रियाको विरोध गर्दै आएको छ। कांग्रेसजस्तो पार्टी जसले आदर्श र आस्थाको राजनीतिक गर्दै आएको छ। पछिल्लोपटक पार्टीमा पैसावाला हावी हुने प्रवृत्ति बढ्यो। चुनाव भनेको नै पैसा हुनेले मात्र लड्ने भन्ने मानसिकतालाई समयमा नै नियन्त्रण गर्नुपर्छ।

**स्थानीय तहको निर्वाचन पनि निकै खर्चिलो भयो भएको स्वयं उम्मेदवारहरूले स्वीकार गरेका छन्। संघ र प्रदेशसभाको निर्वाचन आइरहेको छ। अबको चुनाव पनि खर्चिलो हुने देखिएको छ। किन चुनाव महँगो र खर्चिलो बन्दै गएको होला ?**

यसले निकै गम्भीर प्रश्न जन्माएको छ। हामीजस्ता व्यक्तिले भोलि चुनाव लड्न सक्छौं कि सक्दैनौं भन्ने प्रश्न जन्माएको छ। यो प्रवृत्ति हावी हुनु डरलाग्दो विषय हो। निष्ठाको राजनीतिक जान्छ। भोलि राजनीतिक कसको हातमा पुग्छ भन्ने थाहा हुँदैन। राजनीतिक दलका नेताहरुप्रति जनताको एकखालको आस्था हुन्छ। राजनीतिलाई व्यापारीकरण गर्न दिनुहुँदैन। जसका कारण देश निर्माण गर्ने मान्छे पछि परेर आफ्नो स्वार्थमा लाग्ने मान्छे नीति निर्माण गर्ने ठाउँमा पुग्छन्। यो कदम देशको हितमा हुँदैन। समानुपातिक एउटा निर्वाचन प्रणाली हो। त्यसमाथि जनताको विश्वास नहुने किन भयो भने ठेक्कापट्टामा लाग्ने व्यक्तिहरुको प्रवेशले गर्दा नै हो। देशका लागि लडेर आएका राम्रो मान्छेमाथि पनि अविश्वास पैदा गरेको छ। अब सबै पार्टीले गम्भीरतापूर्वक सोच्ने बेला आएको छ।

आस्था र आदर्शको राजनीतक गर्दै आएकाहरु सबै तर्सिएका छन्। अब चुनाव कसरी लड्ने ? कता-कता सुन्ने गर्छु टिकट दिने व्यक्तिले समेत चलखेल गर्छन् भन्ने कुरा आउने गरेको छ। अहिलेको अवस्थालाई रोक्न सकिएन भने गलत सन्देश जान्छ। व्यापारीले राजनीतिक गर्न थालेपछि देशको उन्नति हुन सक्दैन। सिद्धान्तगतरूपमा भन्दा पनि सहकार्य गरेरसमेत चुनाव लड्ने प्रवृत्ति फाङ्गिँदै गएको छ। देश बनाउने अठोट बोकेका व्यक्तिलाई अगाडि बढाउने विषयमा पार्टी लाग्नुपर्छ। राजनीतिमा नैतिकता र इमानदारिता दुई विषयलाई जोड्न सक्नुपर्छ।

**कांग्रेस आ-आफ्नो विचार र उद्देश्यभन्दा पनि व्यक्तिगत स्वार्थमा बढी केन्द्रित भएको हो ?**

पछिल्लो समयमा विद्यार्थीदेखि नेताहरुसम्मको कुरा आयो। राजनीतिक जुन उद्देश्यको बाटोमा हिँड्नुपर्दथ्यो। तर, पार्टी हिँड्न सकेको देखिँदैन। यसलाई सही समयमा नै निणन्त्रण गरेर अगाडि बढनुपर्छ। नत्र भने ठूलो दुर्घटना निम्तिन सक्छ।

**निर्वाचनमा आफ्नो एजेन्डा लैजानेभन्दा पनि आरोप-प्रत्यारोप गर्ने संस्कार हुर्किंदै गएको छ। यसले नेपाली समाजलाई कुन गतिमा अगाडि बढाउला ?**

यो गलत संस्कार छ। आफ्नो एजेन्डा लैजाने, आफ्नो कुरा र विचार राख्ने हो। जनताको मन जितेर निर्वाचनमा विजयी हुने हो। गाली गलोजका रूपमा राजनीतिक गर्ने संस्कार गलत छ। यसले समाजलाई सही सन्देश दिन सक्दैन। यो सबै कुरा राजनीतिक दलहरुले मिलेर रोक्नुपर्छ।

**शान्ति प्रक्रियामा आएपछि नौ-नौ महिनामा सरकार परिवर्तन हुने प्रचलन छ। देशमा कार्यकारी प्रणालीको महसुस भएको छैन ?**

माओवादीले कार्यकारी राष्ट्रपतीय प्रणालीमा जानुपर्छ भन्ने विषय पनि तर्कसंगत छ। हामीले समानुपातिक प्रणालीमा जानुहुँदैन भनेर शुरुमा नै भनेका थियौं। प्रत्यक्ष प्रणालीबाट मात्र जाऔं भनेर अडान लिएका थियौं। तर, कांग्रेसले भनेकोजस्तो भएन। अहिलेको प्रक्रियाअन्तर्गत अगाडि बढ्ने हो भने कुनै पनि राजनीतिक दलको दुई तिहाइ बहुमत आउने अवस्था देखिँदैन। जसले गर्दा ९-९ महिनाभन्दा बढी कुनै पनि सरकार चल्दैन। भागवण्डाको राजनीतिले बढ्वा पायो। भनेजस्तो मन्त्रालय नपाए सरकार ढालदिन्छौं भन्ने धम्की दिएर मालदार मन्त्रालय खाने प्रचलन बढ्यो। कार्यकारी प्रणालीमा जाने हो भने अमेरिकाजस्तो राष्ट्रपतीय प्रणालीमा जानुपर्छ। मेरो विचारमा प्रतिनिधि सभा निर्वाचनलाई प्रत्यक्ष प्रणालीअन्तर्गत गर्ने र राष्ट्रिय सभालाई समानुपातिक गर्दा पनि हुन्छ। अब ५ वर्ष सरकार चलाउने प्रणालीको विकास गर्नुपर्छ। कांग्रेसले पनि महसुस गरेको छ। साना दलहरू अहिलकै प्रणालीमा रुपलिन चाहन्छन्। ठूला तीन दल मिलेर समस्याको समाधान गर्नुपर्छ। पार्टीभित्र कतिपय साथीहरु प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीमा जानुपर्छ पनि भनिरहनुभएको छ। कतिपयले कार्यकारी प्रधानमन्त्री पनि भनिरनुभएको छ। हामीले यसबीचमा धेरै बुझ्यौं। अब यो छिन-छिनमा सरकार परिवर्तन गर्ने परम्पराको अन्त्य नभएसम्म देशले विकासको गति लिन सक्दैन।

**अहिले ५६ जना मन्त्रिमण्डल भनेको छ नि ?**

मन्त्रिमण्डल वृद्धि गर्न प्रतिस्पर्धा नै देखिएको छ। संवैधानिक व्यवस्थाअनुसार अब २५ जनाभन्दा बढी मन्त्री बनाउन नपाइने प्रावधान छ। संक्रमणकालमा ठूलो मन्त्रिमण्डल बन्न सक्छ। एकपटक मन्त्री हुने झण्डा हल्लाउने मात्र भन्ने हो भन्ने प्रचलन बढ्यो। सबैले समीक्षा गर्ने बेला आएको छ। मन्त्री बनेर देश र जनताको पक्षमा के काम भयो ? झण्डा हल्लाउने मात्र हो कि मन्त्रीको काम सुधार पनि गर्नु हो ?

**स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न हुँदासमेत कानुन बन्न सकेको छैन नि ?**

स्थानीय तहको निर्वाचन सम्पन्न भएको ४ महिना बितिसक्दासमेत स्थानीय तहले कानुन बनाउन सकेका छैनौं। संघ र प्रदेश सभामा पनि निर्वाचन हुन बाँकी नै छ। अहिले कर्मचारी संयोजकनको कुरा पनि छ। हिजोका वडा सचिव नै अहिले गाउँपालिकामा काम गरिरहेका छन्। निर्वाचन सम्पन्न गरेर मात्र हुँदोरहेनछ। आवश्क नीतिगत कुरामा ध्यान दिन सकेको देखिएको छैन।

**गाउँ-गाउँमा सिंहदरबार पुग्दा पनि अधिकारी दिन र कानुन निर्माणमा किन ढिलाइ भइरहेको छ ?**

केही पार्टीले सिंहदरबारको अधिकार गाउँ-गाउँमा ल्यायौं भन्नुभएको छ। सिंहदरबारमा हुने विकृति पुऱ्याएको हो कि राम्रो कुरा पुऱ्याएको हो ? अहिले सिंहदरबारको बेथिति मात्र गाउँ-गाउँमा पुऱ्याइयो। सिंहदरबार सिंहदबार नै हो। ७ सय ४४ वटा सिंहदरबार बनाउन चाहेको पनि होइन। अब आफ्नो विकास आफैंले गर्ने हो। हिजो ५० हजारको योजनाका लागि पनि सिंहदरबार धाउनुपर्ने बाध्यता थियो। पिउनको सरुवा पनि सिंहदरबारबाट हुने गर्दथ्यो। अहिले ५० लाखभन्दा तलका योजनाहरु सिंहदरबार आउनुपर्दैन। अब गाउँपालिका, नगरपालिकाहरुबाट नै हुन्छ। निर्वाचनमार्फत् हामीले संरचना त बनायौं। तर, त्यसलाई कार्यान्वयन गर्न कर्मचारी छैनन्। गाउँ-गाउँमा प्राविधिक जनशक्तिको अभाव छ। जनप्रतिनिधिहरु त जनताले पाए। तर, साधन र स्रोत नहुँदा अवस्था कठिन खालको छ। माथि केन्द्र र प्रदेश सरकारको कानुन बनाउन बाँकी नै छ। समायोजन गरेर कर्मचारी पठाउने हो भने कामले गति लिन सक्छ। जनप्रतिनिधिहरुले बाटो बनाउन खोज्नुभएको छ। सडकको इन्जिनियर छैनन्। १० हजार कर्मचारीलाई केन्द्रीय सरकारले पठाउँदा जम्मा ४ जना कर्मचारी मात्र कार्य क्षेत्र गए। गाउँमा पाउनुपर्ने अधिकार सिंहदरबारबाट पठायौं। अब कर्मचारी पनि पठाउनुपर्छ, तब न अधिकार प्राप्त गरेको प्रत्याभूति हुने हो। स्वीजरल्यान्डभन्दा राम्रो त हाम्रो देश छ नि। हाम्रो देश हामी आफैंले बनाउने हो।

**हरेक सरकारले सरकार गठन भएपछि शून्य सहनशीलताको नारा लगाउने गर्छन्। तर, संस्थागत भ्रष्टाचार भने मौलाउँदै गएको छ नि ?**

हरेक कुराहरु नारामा सीमित भएका छन्। भ्रष्टाचारमा शून्य सहनशीलता भन्यौं। कर्मचारीको नियति त्यस्तै छ। राजनीतिज्ञको नियति त्यस्तै छ। मन्त्रीहरुलाई पनि ३/४ महिना त हो नि भन्ने परेको छ। कर्मचारी पनि यस्तै त हो नि हजुर भन्ने संस्कार मौलाउँदै गयो। मन्त्री जाने वित्तिकै कर्मचारी सरुवा गर्न थाल्ने, कसैलाई स्पष्टीकरण सोध्न थाल्नेको अर्थ के हो त ? हामीले विकास गरेको प्रणाली व्यक्तिको स्वार्थमा चल्न थाल्यो। पार्टीभित्र पनि संस्थागतभन्दा पनि व्यक्तिगत स्वार्थमा धेरै काम हुन थाले। यदि मन्त्री र कर्मचारीलाई पुग्दैन भने सुविधा देऊ। यसको चिरफार गरेन भने देशको अवस्था कहाँ पुग्ने हो ? हामीभन्दा कमजोर देश दक्षिण कोरिया कहाँ पुग्यो। हाम्रो युवालाई त्यहाँ पठाउनुपर्ने अवस्था आएको छ। बोल्ने मात्र होइन। भाषणा मात्र गर्ने होइन। देशलाई अगाडि बढाउँदै लाग्नुपर्छ।

**जनआन्दोलन सफल हुँदै संविधानसभाबाट संविधान जारी भएपछि जनतामा निकै उत्साह र आशा पलाएको थियो। तर, अपेक्षाअनुसार त काम हुन सकेन नि ?**

राजनीतिक परिवर्तन त गरायौं। हामीले काम गर्नेभन्दा पनि बोल्ने बहस बनायौं। परिवर्तन प्राप्तिसँग अधिकारको बहन गर्ने र कर्तव्य पूरा गर्नुपर्छ भन्ने सिकाएनौं। हामीले अधिकार मात्र खोज्यौं तर मेरो कर्तव्य के हो भन्नेतिर ध्यान नै दिएनौं। गाउँ-गाउँमा उपभोक्ता समिति गठन गर्दा मारामार छ। अरू बेला वास्ता नगरे पनि उपभोक्ता समितिको अध्यक्ष, उपाध्यक्ष र कोषाध्यक्ष बन्न मारामार गर्छन्। देशमा राजनीतिको नाममा विकृति फैलायौं। जनताको नाम लिएर जुन राजनीतिक भइरहेको छ। त्योअनुसारको व्यवहारमा पटकै देखिएन। जनताको चाहना र भावनाअनुसार राजनीतिक दलहरु अगाडि बढ्न सकेका देखिँदैनन्। जनतालाई पनि हामीले बिगाऱ्यौं। अहिले राजनीतिक दलहरुबीच घृणा फैलिएको छ। जनताको सेवा गर्नका लागि भन्दा पनि पदमा पुग्नका लागि राजनीति गरेको जनताले भन्दै आएका छन्। चुनावमा लाखौं रुपियाँ खर्च गर्नेले जनताको सेवा गर्छ ? पार्टीभित्र पनि टिकट दिनका लागि पनि को धनी छ भनेर खोज्न थाल्यौं।

**प्रदेश नम्बर ६ बाट तपाईं पनि मुख्यमन्त्री बन्ने चर्चा छ नि ?**

मलाई पार्टीले आधिकारीकरूपमा प्रदेश नम्बर ६ को मुख्यमन्त्रीको उम्मेदवार भनेर केही भनेको छैन। पार्टीले मेरो आवश्यकता देख्यो र निर्णय गऱ्यो भने पार्टीको निर्णयविरुद्ध जान्नँ।

"

पार्टीभित्र गुट-उपगुट फाङ्गिँदै गएको छ

भागवण्डाको राजनीतिले राम्रो सन्देश दिएको छैन

पार्टीमा पैसावाला हावी हुने प्रवृत्ति बढ्यो

राजनीतिलाई व्यापारीकरण गर्न दिनुहुँदैन

व्यापारीले राजनीतिक गर्न थालेपछि देशको उन्नति हुन सक्दैन

# कोतपाटीमा चर्या नृत्य

ललितपुर, (नेस)। पाटन दरबार क्षेत्र कोतपाटी परिसर शनिबार दिनभर चर्या र सांस्कृतिक नृत्यले गुञ्जियो।

पाटन सांस्कृतिक मेलामा बालबालिकाले मञ्जुश्री, वज्रयोगिनी, कुमारीजस्ता विभिन्न चर्या नृत्य र सांस्कृतिक नृत्य प्रस्तुत गरेको थिए।

हातेमालो सञ्चारले आयोजना गरेको मेलामा नयाँ तथा पुराना कलाकारले विभिन्न सांस्कृतिक बाजागाजा र गीत पनि प्रस्तुत गरेका थिए। चर्या तथा सांस्कृतिक नृत्य हेर्न दर्शकहरुको भीड लागेको थियो।



# दोर्जे डोल्मा मिसेस ग्लोबल नेपाल

राजधानीमा सम्पन्न विवाहित महिलाको सौन्दर्य प्रतियोगितामा दोर्जे डोल्मा गुरुङ *मिसेस ग्लोबल नेपाल* २०१७ भएकी छिन्। जमलस्थित राष्ट्रिय नाचघरमा भएको प्रतियोगितामा १८ जना प्रतिस्पर्धीलाई पछि पार्दै गुरुङले उपाधि चुमेकी हुन्।

प्रतियोगितमा रीना लामा *बेस्ट ट्यालेन्ट*, सुजा राउत *बेस्ट क्याटवाक*, सुनीता थापा *बेस्ट पर्सानालिटी*, सोनिया लामिछाने *बेस्ट फोटोजेनिक*, अञ्जना पौडेल *बेस्ट स्माइल*, सोनिया शर्मा अधिकारी *बेस्ट स्किन*, रेखा बस्नेत श्रेष्ठ *बेस्ट ड्रेस*, पुष्पा राई बेस्ट हेयर, आर्जुन गुरुङ *बेस्ट कम्प्लेक्सन*, सुनीला कायस्थ *मस्ट कन्फिडेन्ट*, मीरा राजवंशी गोर्खाली *मस्ट डिसिप्लिन*, तारा थापा *मस्ट चार्मिङ*, दोर्जे डोल्मा गुरुङ *मस्ट इन्टलजेन्ट*, अनिशा श्रेष्ठ *मस्ट एक्टिभ*, सन्तोषी पाण्डे जोशी *मस्ट स्मार्ट*, सुनीता तामाङ *मिसेस पंचुअल*, मीना श्रेष्ठ *बेस्ट फिगर*, सुनीता तामाङ *मस्ट पपुलर* र तारा थापा *मिसेस पब्लिक च्वाइस* अवार्ड विजेता भए।

एमजोन इन्टरटेन्मेन्टले आयोजना गरेको प्रतियोगितामा सञ्चारकर्मी तथा मोडल कला सुब्बा, मोडल दिक्पाल कार्की र मोडेल तथा फेसन डिजाइनर क्षितिजा शाक्य निर्णायक थिए। प्रतियोगिता हिमानी सुब्बाको कोरियोग्राफीमा सम्पन्न भएको थियो।




# ऐश्वर्याद्वारा अन्तरंग दृश्य अस्वीकार

बलिउड अभिनेतृ तथा सन् १९९४ को *मिस वर्ल्ड* विजेता ऐश्वर्या राय बच्चनले आगामी फिल्म *फन्ने खान*मा अभिनेता राजकुमार रावसँग अन्तरंग दृश्य दिन अस्वीकार गरेकी छिन्।

'ऐश्वर्या आफ्नो फिल्मको सबै दृश्यलाई लिएर खास उत्साहित छिन्। तर, यसलाई लिएर उनले आशंकासमेत व्यक्त गरेकी छिन्' -स्रोतलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले उल्लेख गरेको छ। म्युजिकल कमेडीमा आधारित फिल्ममा अनिल कपुरलाई पनि देख्न सकिन्छ। *फन्ने खान* बेल्जियमका अभिनेता तथा निर्देशक डोमिनिक डरुदेरको *ओस्कार*मा मनोनयनमा परेको फिल्म *एभ्रिबडी इज फेमस*बाट प्रभावित भएको बताइएको छ।

यसअघि करण जोहरको फिल्म *ए दिल हे मुश्किल*मा रणवीर कपुरसँगको अन्तरंग दृश्यले गर्दा परिवारमा पनि खटपटको समाचार बाहिर आएको थियो। यसै कारण गसिपको पात्र बन्न र पारिवारिक अवस्थामा हलचल नआओस् भन्नका लागि पनि ऐश्वर्या राजकुमार रावसँग अन्तरंग दृश्य नगर्ने निर्णयमा पुगेको समाचारमा उल्लेख छ।





# विचार

भुट र सत्यबीचको लडाइँमा
भुट्ले नै जित्छ तर अन्तिम
जीत भने सत्यकै हुन्छ।
- राल्फ वाल्डो इमर्सन

तिनीहरूले जे पनि गर्न सक्छन्,
किनभने तिनीहरूले गर्न सक्छु
भनेर भित्रैदेखि सोच्न सक्छन्।
- भर्जिल

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

### कूटनीतिक पहल अघि बढाऊ

छिमेकी मुलुक चीनसँग सीमा जोडिएका मुलुकका उत्तरी बस्ती र नाकालाई सडक सञ्जालसँग जोड्न नेपालले गरेको प्रस्तावमा चीन सकारात्मक भएको छ। चीनतर्फ यसअघि प्रयोगमा आइसकेका तातोपानी, रसुवागढी, कोरलाबाहेकका नयाँ नाका खुलाउन नेपालले गरेको आग्रहमा चीन सकारात्मक बनेको हो। सडक यातायात सम्झौता संशोधन गर्न बुधबार काठमाडौंमा दुवै मुलुकका उच्च अधिकारी संलग्न द्विपक्षीय वार्तामा नेपालले प्रस्ताव गरेकामध्ये केही नाकाको छिट्टै स्थलगत अध्ययन/अवलोकन गरेर कार्यान्वयनमा लाने जवाफ दिएको छ। तर, कुन-कुन नाकाबारे स्थलगत अध्ययन गर्नुपर्ने भनेर चिनियाँ पक्षले प्रस्ट्याएको छैन।

सो बैठकमा नेपालले विभिन्न ११ रुट खुलाउन प्रस्ताव गरेको छ। नेपालले रसुवागढी-हिल्सा, रसुवागढी-कोरला, खासा-कोरला, रसुवागढी-डोल्पा, खासा-डोल्पा, रसुवागढी-दार्चुला, रसुवागढी-ताक्लाकोट, खासा-ताक्लाकोट, रसुवागढी-ओलाङ्चुङ्गोला र रसुवागढी-किमाथांकालगायतका नाका खोल्न प्रस्ताव गरेको थियो। यसअघि दुवै मुलुकबीच खासा-यारी (हुम्ला), खासा-रसुवागढी, खासा-ओलाङ्चुङ्गोला नाका खोल्ने सम्झौता भइसकेको छ। यस किसिमको बैठक गत वर्ष चीनको ल्हासामा भएको थियो। यस पटकको बैठकमा सहभागी हुन चीनको बेइजिङ र ल्हासाबाट सहसचिवस्तरका १३ जना चिनियाँ अधिकारी काठमाडौं आएका थिए। नेपालको तर्फबाट भौतिक पूर्वाधारसहित, परराष्ट्र, अर्थ, कानुन, ऊर्जा, शहरी विकास मन्त्रालयका अधिकारी सहभागी थिए।

सीमा नाकासम्म सडक सञ्जाल विस्तार गर्नेबारेको यस पटकको बैठकमा विस्तृत छलफल भएकाले छिट्टै यो विषय टुंगो लाग्ने नेपाली अधिकारीहरुको दाबी छ। नेपालले गरेको प्रस्तावबारे चीनले छिट्टै अनुगमन गर्ने र यो आर्थिक वर्षभित्रैमा अर्को बैठक बेइजिङमा बस्ने बताइएको छ। सो बेला यो विषय टुंगो लाग्ने र कार्यान्वयन चरणमा जाने नेपाली अधिकारीहरुको तर्क छ। यो सम्झौता कार्यान्वयन भएको अवस्थामा नेपालभित्रै र दुवै मुलुकबीच सामान खरिद र ढुवानी सहज बन्ने, ढुवानी लागत घट्ने र अन्य आर्थिक सम्भावनाको ढोका खुल्ने बताइएको छ। यससँगै दुवै मुलुकबीच ढुवानीमा प्रयोग भइरहेका मालवाहक सवारीसाधन आवागमन सहज बनाउन बुधबारको बैठकमा सहमति भएको छ। ढुवानीमा प्रयोजनमा दर्ता भएका, भन्सारले सिफारिस गरेका मालवाहक सवारी एक-अर्को मुलुकमा प्रवेश गराउन दुवै मुलुक सहमत भएका हुन्। यसअघि दुवै मुलुकका दूतावासबाट समेत यस्तो अनुमति लिनुपर्ने प्रावधान थियो।

मालवाहक सवारीबारेको यो प्रावधान केही सरल बने पनि विगतमा भएका सम्झौता कार्यान्वयन नभएको यथार्थ पनि छ। खासा-यारी (हुम्ला), खासा-रसुवागढी, खासा-ओलाङ्चुङ्गोला नाका खोल्ने सम्झौता भइसकेको एक दशकभन्दा बढी अवधि पार भइसकेको छ, तर वर्षौंसम्ममा पनि सो विषय कार्यान्वयन हुन सकेको छैन। त्यसैले नेपालको पछिल्लो प्रस्तावलाई चीनले सकारात्मकरूपमा लिएको अवस्थामा एकपछि अर्को सम्झौताको सूची मात्र थपिनु उपलब्धि हुँदैन। नेपालले उच्चतहको कूटनीतिक संयन्त्रमार्फत् यो विषय कार्यान्वयन चरणमा अघि बढाउन जरुरी देखिन्छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# कृषि क्षेत्रमा गढेका समस्याहरु



संघर्ष बुढाथोकी

कुनै सन्देह छैन कि नेपाल कृषि प्रधान मुलुक हो। यस कुरामा पनि कुनै शंका छैन कि करिव ६५ प्रतिशत नेपालीको मूल पेसा पनि कृषि नै हो। तर, कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ह्रास हुँदै २८.९ प्रतिशतमा संकुचित भएको छ। यहाँसम्म कि एक इकाइ मानिसलाई वार्षिकरूपमा आवश्यक पर्ने सरदर १९१ केजी अन्न उत्पादन गर्नु विद्यमान कृषि प्रणालीको काबुमा छैन। यसै पनि मुलुकका २१ जिल्ला खाद्य अभावको चपेटामा छन्। अर्थात् ४० प्रतिशत नेपालीले साँझ-बिहान भरपेट खान पाइरहेका छैनन्। जसको कारण करिव ७५ प्रतिशत नागरिक कुनै न कुनै रूपमा कूपोषित छन्। सीधै भन्नुपर्दा आन्तरिक उत्पादनले ६ महिना पनि थेग्न नसकेको अवस्था छ। प्रस्तुत दृष्टान्तबाट मुलुकको कृषि प्रणाली पूरै परम्परागत, निर्वाहमुखी र गैरव्यावसायिक रहेको सबुत मिल्दछ। यसैको उपज हो- विगतमा कृषिजन्य वस्तु निर्यात गर्ने मुलकमा सवा खर्ब अधिकको खाद्यान्न, तरकारी, फलफूल, दुग्धपदार्थ, माछामासुलगायतका कृषि वस्तु भित्रनु। आयातको उक्त दुर्दशा नियाल्दा मुलुकको कृषि क्षेत्र समस्यैसमस्याको चाङमा पुरिएको छ भनेर बुझ्न कुनै कठिन पर्दैन।

> सडक सुविधाको अभावमा हुम्लाको स्याउ बजारसम्म ल्याउन सकिएको छैन। कृषि वैज्ञानिकको अभावमा परम्परागत कृषि प्रणालीले डेरा जमाइरहेको छ। शीतघरको अभावमा अधिक उत्पादन भएको बखतमा कम मूल्यमा कृषिउपज बिक्री गर्न किसान बाध्य छन्। कृषि चुन कारखाना स्थापना त परै जाओस्, विगतमा स्थापित कारखानाहरुको नामोनिसान पाउन कठिन छ।

कृषि योग्य भूमिको सीमितता, कृषि क्षेत्रको प्रथम समस्या हो। यसै पनि कृषियोग्य भूमिबिना कृषि कर्मको कल्पनासमेत गर्न सकिँदैन। वस्तुत: नेपालको भूवनोट विषम प्रकृतिको छ। कुल भूमिमध्ये कृषियोग्य जमिनको हिस्सा करिव २७ प्रतिशत मात्र छ। त्यसो त भूमि आफैंमा प्रकृतिको उपहार पनि हो। केही हदसम्म मानवीय बाहुबलमा पनि बन्जर जमिन कृषियोग्य बनाउन सकिन्छ। तर, अल्पकालमा त्यो सम्भवना नेपालमा अत्यन्त न्यून छ।

सिँचाइ सुविधाको अप्रयाप्तता, कृषि क्षेत्रको दोस्रो समस्या हो। मुलुकमा २६ लाख ४१ हजार हेक्टर (१९ प्रतिशत) कृषियोग्य भूमि छ। कृषियोग्य भूमिमध्ये १७ लाख ६० हजार हेक्टर भूमिमा सिँचाइ सुविधा पुऱ्याउन सकिने अवस्था छ। तर, अहिलेसम्म १३ लाख ६८ हेक्टर भूमिमा मात्र सिँचाइ पुऱ्याउने संरचना निर्माण छ। जब कि सिँचाइ संरचना निर्माण भएको हिस्साको ३८ प्रतिशत अर्थात् ५ लाख २८ हजार ९ सय ६० हेक्टर मा मात्र वर्षभर सिँचाइ उपलब्ध छ। विगतमा निर्मित सिँचाइ आयोजनाहरुको उचित मर्मम सम्भार गर्न सकिएको छैन। सिक्टा, रानीजमरा कुलरिया, जमुनिया, भेरी बबई सिँचाइ आयोजनाको पानी सिँचाइ विमुख जमिनले प्रतीक्षा गर्न थालेको धेरै भइसकेको छ।

अवैज्ञानिक भूमि वितरण प्रणाली, कृषि क्षेत्रको तेस्रो समस्या हो। यसै पनि नेपालको भूमि वितरण प्रणाली दोषपूर्ण छ। भूमिको वितरण र उपायोग न्यायोचित हुन सकेको छैन। भूमि नीति एकहदसम्म कागजी खोस्टो मात्र बनेको छ। जसका कारण वास्तविक किसान जमिनको स्वामित्वबाट टाढा छन्। करिब ७५ प्रतिशत किसानको हातमा १ हेक्टर जमिन पनि नहुनुले उक्त दोषपूर्ण भूमि वितरण पद्धतिलाई उजागर गरिरहेको छ।

आधुनिक कृषि प्रविधिको अबलम्वन गर्न नसक्नु, कृषि क्षेत्रको चौथो समस्या हो। आधुनिक कृषि प्रविधिको प्रयोगबिना कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि असम्भव कुरा हो। प्रविधिको प्रयोग लागत न्यूनीकरणको द्योतक पनि हो। लागत न्यून हुनु भनेको कृषि उपजको प्रतिस्पर्धात्मक क्षमता, कृषकको मुनाफा र वचत वृद्धि हुनु पनि हो। तर, मौजुदा कृषि प्रणालीमा ९० प्रतिशत मानवीय तथा पशुश्रमको प्रयोग भइरहेको छ। कृषि उत्पादन प्रक्रियामा टयाक्टर, पावरटिलर, थ्रेसर जस्ता सामान्य कृषि उपकरणको प्रयोगसमेत नगन्य छ।

पर्याप्त लगानी गर्न नसक्नु, कृषि क्षेत्रको पाँचौं समस्या हो। सिद्धान्तत: प्रतिफल सधैं लगानीद्वारा निर्धारित हुन्छ। तर, १५ वर्ष यता राज्यले कृषि क्षेत्रमा आवश्यकताअनुरूप बजेट विनियोजन हुन सकिरहेको छैन्। ०७३/०७४ मा कृषि विकास मन्त्रालयका लागि २७.४३ अर्ब, भूमि सुधार मन्त्रालयका लागि ५.८१ अर्ब, सिँचाइ मन्त्रालयका लागि २४.४६ अर्ब र पशुपक्षी विकास मन्त्रालयका लागि ८.४६ अर्ब गरी कुल ६६.१६ अर्ब विनियोजन भएको थियो। जुन कुल विनियोजित १० खर्ब ४८ अर्बको ६.६१ प्रतिशत थियो। २०७४/०७५ मा कृषि क्षेत्रको विकासका लागि ३०.४० अर्ब, सिँचाइ कार्यक्रमका लागि २७.४१ अर्ब, भूमि सुधारको क्षेत्रमा ६.८० अर्ब गरी कुल ६४.६१ छुट्टाएको छ। जुन कुल विनियोजित १२ खर्ब ७८ अर्बको ५.०५ प्रतिशतअर्थात् अघिल्लो वर्षभन्दा न्यून हो।

वित्तीय सुविधाको अभाव हुनु कृषि क्षेत्रको छैठो समस्या हो। लगानीमा बैंक तथा वित्तीय संस्थाको भूमिका अहम् हुन्छ नै। परन्तु बैंक तथा वित्तीय संस्था कृषि क्षेत्रमा लगानी गर्न पुरै उदाशिन जस्तै छ्न। बैंक तथा वित्तीय संस्थाको लगानी कृषि क्षेत्रमा ४ प्रतिशतभन्दा न्यून हुनु, करिबन ७५ प्रतिशत किसान बैंक तथा वित्तीय सुविधावाट वञ्चित हुनुले उक्त उदासीनताको सबुत दिइरहेको छ।

कमजोर पूर्वाधार, कृषि क्षेत्रको छैठौं समस्या हो। आधारभूत पूर्वाधारबिना कृषि क्षेत्रको समष्ठिगत विकासको कल्पना गर्न सकिने कुरा होइन। रासायनिक मल, कृषि औजार, विषादि सहज आपूर्तिका लागि तत्सम्बन्धी कारखाना, उत्पादित कृषि वस्तु सञ्चयका लागि शीतघर, कृषि उपज बजारसम्म पुऱ्याउनका लागि कृषि सडक, कृषिसम्बन्धी ताजा सूचनाका लागि कृषि सूचना प्रणाली, कृषि क्षेत्रमा आधुनिक प्रविधि उपयोगका लागि कृषि वैज्ञानिक, सर्वसुलभ कृषि ऋणका लागि बैंक तथा वित्तीय संस्था, कृषि वस्तुको जोखिम न्यूनीकरणका निमित्त बीमा कम्पनी कृषि क्षेत्रको विकास निमित्त आवश्यक पर्ने आधारभूत पूर्वाधारहरु हुन्। तर् मुलुकमा रासायनिक मलको हाहाकार पुनरावृत्ति भइरहँदा एक थान रासायनिक मल कारखानासमेत स्थापना गर्न सकिएको छैन। सडक सुविधाको अभावमा हुम्लाको स्याउ बजारसम्म ल्याउन सकिएको छैन। कृषि वैज्ञानिकको अभावमा परम्परागत कृषि प्रणालीले डेरा जमाइरहेको छ। शीतघरको अभावमा अधिक उत्पादन भएको बखतमा कम मूल्यमा कृषिउपज बिक्री गर्न किसान बाध्य छन्। कृषि चुन कारखाना स्थापना त परै जाओस्, विगतमा स्थापित कारखानाहरुको नामोनिसान पाउन कठिन छ।

कमजोर उत्पादकत्व वा न्यून उत्पादन वृद्धिदर, कृषि क्षेत्रको सातौं समस्या हो। यसै पनि एक दशकको समष्ठीगत औसत आर्थिक वृद्धि दर ४.१८ प्रतिशत मात्र छ। त्यसमाथि कृषि क्षेत्रको औसत आर्थिक वृद्धि दर ३.२१ प्रतिशत मात्र छ। जब कि प्रतिस्पर्धा गर्नुपर्ने भारतको वृद्धिदर ४/५ प्रतिशतभन्दा माथि छ। कृषियोग्य जमिनको परिमाण कति धेरै छ भन्नुभन्दा पनि उत्पादकत्व कति उच्च छ त्यो महत्त्वपूर्ण कुरा हो। तर, नेपालमा प्रतिहेक्टर खाद्यन्न औसत उत्पादन ३ मेट्रिकटनभन्दा कम छ। जब कि भारतमा, पाकिस्तान र चीनमा दोब्बर-तेब्बरभन्दा अधिक छ। नेपालमा औसत प्रतिहेक्टर ९७ केजी मात्र रासायनिक मल प्रयोग हुँदा बंगालादेशमा १ सय ५० केजी र चीनमा ३ सय ५० केजी प्रयोग भइरहेको छ। गुणस्तरीय बीउ प्रयोग गर्दा १५ देखि २० प्रतिशतसम्म उत्पादन वृद्धि हुने अनुसन्धानकर्ताले बताइरहँदा ग्रामीण क्षेत्रमा ९० प्रतिशत रैथाने बीउ प्रयोग भइरहेको छ।

यसो त पाँचौं योजना कालदेखि नै कृषि प्राथमिकतामा परेको क्षेत्र हो। कृषि क्षेत्रको विकास र प्रवर्द्धनका खातिर कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि अनुसन्धान परिषद्लगायतका अनेकन अड्डाहरु खडा भएका छन्। कृषि विकाससम्बन्धी कार्यक्रमहरु बग्रेल्ती अगाडि सारिएका छन्। स्रोत साधनको छेलोखेलो भइरहेको छ। तर, कृषि क्षेत्रमा वर्षौंदेखि जगडिएका समस्याको दीर्घकालीन निरुपण हुन सकेको छैन। यी समस्याको दीर्घकालीन निदानबिना कृषि क्षेत्रको समष्ठीगत विकास असम्भव कुरा हो।

## पाठक पत्र

### संविधान सफल बनाउन अझै कस्सिनु जरूरी

संविधानसभामार्फत् संविधान जारी भएको असोज ३ गते २ वर्ष पूरा भएको छ। यस सन्दर्भमा मुलुक सफल र सहज गन्तव्यतर्फ उन्मुख भएको छ। यसलाई उचित तरिकाले अवतरणको खाँचो अझै छ। अझै संवेदनशीलता बाँकी भएको अनुभव हामीले गर्न सक्छौं। तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ। वर्तमान अवस्थामा संविधान सर्वस्वीकार्य भएकोमा अब दुईमत रहेको छैन। सबै धर्म, जाति, वर्ण र लिंगलाई यथोचित स्थान दिइएको संविधानले आगामी माघ ७ गतेभित्रै सबै तहको निर्वाचन सम्पन्न गर्न सर्वोच्च अदालतले सरकारलाई बाध्यकारी परमादेश जारी गरिसकेको छ।

संविधान आफैंमा गतिशील दस्तावेज हो। बेला बेलामा आवश्यक परेको अवस्थामा यसमा संशोधन हुनसक्ने तथ्यलाई हामी सबैले आत्मसात् गरिसकेका गर्नै पर्छ। तर, संविधान नै ठीक भएन भनेर घोक्रो फुलाउँदैमा अब केही हुनेवाला छैन। किनकि यसै संविधानअनुसार भएको निर्वाचनमा सबै दलले भाग लिएर संविधान मानीसकेका छन्।

वि.सं. २०७२ असोज ३ गते जारी भएको यो संविधानअन्तर्गत प्रदेश र प्रतिनिधिसभाको निर्वाचन आगामी मंसिर १० र २१ गतेका लागि सुनिश्चित बनाउन संसद्ले गत भदौ १९ गते विधेयक पारितसमेत गरेको छ। स्वीकृत कार्यतालिकाअनुसार अब ३ महिनाभित्र माथि उल्लेखित निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नुपर्ने अवस्था छ। यस क्रममा संसद्मा विचाराधीन एवं दर्ता हुन बाँकी विधेयकका मस्यौदाहरु माघ ७ गतेभित्र पारित गर्नै पर्छ। माघ ७ भित्र यदि प्रस्तावित विधेयकहरु पारित हुन सकेनन् भने स्वत: निस्क्रिय हुने कानुनी प्रावधान छ। त्यस कारण पनि त्यसका लागि उपयुक्त वातावरण सिर्जना गर्न सरकार सक्रिय हुनैपर्छ। संविधानको पूर्णतालाई सफल अवतरण गराउन सरकारले आवश्यक सबै प्रक्रियाहरु पूरा गर्नुपर्छ।

यस्तो अवस्थामा सरकार प्रमुखजस्तो महत्त्वपूर्ण पदमा बसेको व्यक्तिबाटै संविधानको उल्लंघन हुन्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो, अहिलेको जम्बो मन्त्रिमण्डलको भयावह आकार। हाम्रो देशको संविधानले २५ जनासम्मको मन्त्रिमण्डल बनाउन सकिने व्यवस्था गरे पनि त्यसका बाबजुद प्रधानमन्त्री शेरबहादुर देउवाले अफ्नो नेतृत्वमा रहेको सरकारको संख्या ५६ पुऱ्याएर सुकोमल संविधानको धज्जी उडाएका छन्। उनी आफ्नो रेकर्ड आफैं तोड्दै हिँडेका छन्। अधिकारप्राप्त व्यक्तिले नै जब संविधान र कानुनको उपहास गर्छन् भने संविधानको संरक्षण कसले गर्ने ? भन्ने प्रश्न अहिले खडा भएको छ। नेपालको संविधानले सबै नागरिकबाट अनुशासन र कानुनको मर्यादाको अपेक्षा गरेको छ। संविधान मिच्ने जोसुकै भए पनि उसलाई कानुनी दायरामा ल्याएर कारबाही गर्नु आवश्यक छ। संविधानले दोस्रो वर्ष पूरा गरेको अवसरमा अब हामी सबैले यसको सफल कार्यान्वयनको अपेक्षा गर्नुपर्छ। संविधानबमोजिम नचल्ने वा मान मर्दन गर्नेलाई कानुनी दायरामा ल्याइयो भने मात्रै लोकतन्त्र संस्थागत हुन्छ।

*घनश्याम नेपाल, बालाजु, काठमाडौं*

### सडक बाह्रै महिना चल्ने बनाउ

ऐतिहासिक, सांस्कृतिक शहर बन्न सक्ने सयौं सम्भावना बोकेको दैलेख सदरमुकाम आउने दैलेख-सुर्खेत सडकखण्ड दुई लेनको बनाउनुपर्ने पहिलो आवश्यकता बनेको छ। जिल्ला सदरमुकामको मुख्य केन्द्रदेखि १० वटा स्थानीय तहका केन्द्रहरुमा पुग्ने सडकहरुको पहिचान गरी त्यस्ता सडकलाई बाह्रै महिना सञ्चालन हुने बनाउनु जरुरी छ।

सदरमुकाम दैलेख बजार आएपछि आवत-जावतका लागि वैकल्पिक सडकको रूपमा रहेको दैलेख सदरमुकामको पूर्वीसडक अहिलेसम्म नियमित हुनसकेको छैन। सर्खेत सडक डिभिजनले निर्माण गर्नुपर्छ भन्दै दैलेखका स्थानीय निकाय चुप लाग्ने, सुर्खेत सडक डिभिजनले रकम विनियोजन नगर्ने, यस्तो समस्याले गर्दा सदरमुकाममा सवारीसाधन आवागमनमा निकै समस्या देखिएको छ। सदरमुकाम दैलेख बजारको सवारी आगमनलाई सहज बनाउनका लागि पहिलो कर्तव्यको रूपमा पूर्वीसडक बाह्रै महिना चल्ने बनाउनुपर्दछ।

सडक मानिसको व्यक्तिगत जीवन परिवर्तनदेखि समाज परिवर्तनको मुख्य अंश हो, तर सडक निर्माणको स्पष्ट मापदण्ड निर्माण हुन नसकेका कारण सडकका नाममा धेरै बदमासीहरु हुने गरेका छन्। जनप्रतिनिधिहरुले यो वर्षदेखि सडक निर्माणसँगै अनिवार्य नाली र ग्राबेल सडकको रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ।

- शिला चन्द, दमक, हाल : काठमाडौं

### बडादशैंको शुभकामना

हिन्दु नेपालीको महान् राष्ट्रिय पर्व दशैं घटस्थापनासँगै नेपालीको घर-आँगनमा र मन-मस्तिश्कमा प्रवेश गरेको छ। यो पर्वलाई प्रत्येक व्यक्तिले आफ्नो आर्थिक क्षमताअनुसार मनाउनुपर्छ। बजारमा दशैंको चहलपहल बढेको छ। भने रोजगारी र अध्ययनको सिलसिलामा घरबाट टाढा-टाढा स्वदेश र विदेशमा रहेका व्यक्तिहरु पनि घर फर्किने क्रम सुरू भइसकेको छ। यो सबै नेपालीको साझा राष्ट्रिय चाड भएकाले धनी-गरिब जो भए पनि आफ्नो आर्थिक क्षमताअनुसार दशैंको व्यवस्थापन गर्ने गर्दछन्। गणतन्त्र स्थापना भएको एक दशक र नयाँ संविधान नेपाली जनताले पाएको दुई वर्ष पूरा भइसकेको वर्तमान अवस्थामा पनि राष्ट्रिय राजनीतिको परिदृश्यले भने नेपाली जनताको जीवनस्तरमा कुनै तात्त्विक परिवर्तन ल्याउन नसकेको तथ्यलाई हामी सबैले आत्मसात् गरेका छौं।

हामी नेपाली संस्कृतिप्रेमी भएकै कारण दशैं पर्व सबैले उत्तिकै खुसीयालीका साथ मनाउन अभ्यस्त भएका हौं। वर्षदिनको सुख-दु:ख र घामपानी सबैलाई बिर्सिएर आजदेखि पूर्णिमासम्म दुर्गादेवीको आराधना र पूजापाठ तथा परिवारका मान्यजनबाट टीका, आशीर्वाद र जमरा ग्रहण गरेर मानसिकरूपमा प्रशन्न हुन्छौं। पारिवारिक पुनर्मिलन र जमघटको कारण यो दशैं पर्व सबै उमेर समूहका व्यक्तिहरुका लागि उत्तिकै महत्त्व छ। यी सबै राम्रा र सुखद पक्ष हुँदाहुँदै पनि व्यापक मात्रामा हुने गरेको बलीप्रथाका कारण नेपालीको दशैं पर्वमा शाकाहारी समूहबाट गम्भीर प्रश्नचिह्न लाग्दै आएको छ। अब हामीले पनि बलीप्रथाको विपक्षमा उभिएर पशु अधिकारको रक्षा गर्नेतर्फ ध्यानाकर्षण गर्नु आवश्यक भइसकेको छ।

राष्ट्रिय पर्व दशैंको आगमनसँगै बजारमा दैनिक उपभोग्य वस्तुहरुको मूल्यमा वृद्धि भएको छ। यो आफैंमा राम्रो होइन। सरकारको बजार अनुगमन समिति र उद्योग वाणिज्य संघलगायत सबैको अगुवाइमा बजार अनुगमन गरे पनि प्रभावकारी भएको छैन। बजार मूल्य नियन्त्रण गर्न सहकार्य गरेर उपभोक्तालाई शोषणबाट मुक्ति दिलाउन हरसम्भव प्रयास गर्नु आवश्यक भइसकेको अनुभव गरिएको छ। व्यापारीवर्गले आफ्नो धर्मअनुसार न्यूनतम १० प्रतिशत मात्र नाफा खाएर व्यवसाय सञ्चालन गर्न आग्रह छ। तसर्थ, सरोकारवाला व्यक्ति र निकायहरुले यो दशैं पर्वलाई कसरी बढीभन्दा बढी रमाइलो र साझा पर्वका रूपमा मनाउन सकिन्छ भन्नेतर्फ ध्यान दिनु आवश्यक भएको छ। दशैंलाई भड्किलो चाडका रूपमा मात्र नलिई रमाइलो चाडका रूपमा मनाउन नागरिक समाजका अगुवाहरुले अहम् भूमिका खेल्नुपर्ने हुन्छ। चाडले खुसी ल्याउनुपर्छ। यसलाई लुटेर खाने दिन त कसैले अन्य रूपमा लिनुहुँदैन। सबैले खुसीयालीका साथ दशैं मनाऔं। सुख शान्तिको कामना सबैलाई। देशले निकास पाओस्। अब हुने दुवै चुनाव सम्पन्न होउन्। बडादशैंको मंगलमय शुभकामना।

## सामाजिक सञ्जाल



विद्यार्थीको पढाइभन्दा शिक्षकको जागिरलाई प्रधानता दिने शिक्षा नीति र ऐन नेपालबाहेक संसारमा अन्त कतै छैन होला। पुस्ता बिगार्ने अधमहरु धिक्कार।

**Baburam Bhattarai**
**@brb1954**



बूढीगण्डकी विवाद : अर्बौंको आन्तरिक लगानीमा म्एच तयार छ, निर्माणका लागि रकम अभाव हुँदैन, खुला प्रतिस्पर्धाबाट developer छनोट हुनु राष्ट्रिय हितमा।

**Ram Sharan Mahat**
**@ramsmahat**



साहित्यबाट मान्छेले कमाउने भनेको 'फ्यान' हो, शब्दहरु बेचेर कमाएको पैसाले त गर्मीमा कोठामा 'फ्यान' जोड्न पनि पुग्दैन।

**अचुत खड्का**
**@AchutK10**

# नेपाल

सीमा क्षेत्रमा नेपाल र भारतीय प्रहरीले राम्रो काम गरेका छन्। इलाका प्रहरी कार्यालय, जमुनाहाका इन्चार्ज सुधीर खड्का र रुपैडिहा प्रहरी थानाका इन्चार्ज आलोक रायले बिहान आफैं सडकमा बसेर रेखदेख गर्नुका साथै नेपाल प्रहरीका जवानहरु रुपैडिहा बसपार्कमा पुगेर गस्ती गर्ने गरेका छन्।



## प्रहरीको हिरासतबाट तीन फरार

गोरखा, (नेस)

जिल्ला प्रहरी कार्यालय गोरखाको हिरासतबाट तीन जना थुनुवा भागेर फरार भएका छन्। शुक्रबार राति १२:४५ बजे हिरासतभित्रकै शौचालयको रड भाँचेर उनीहरू फरार भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी निरीक्षक रामचन्द्र शाहले जानकारी दिए।

'१२ बजेर ४५ मिनेट जाँदा उनीहरू त्यहाँबाट भागेको हुनुपर्छ', उनले भने- 'पछि नयाँ ड्युटीवाला प्रहरी गएर हेर्दा हिरासतमा उनीहरू नभएको देखेर खबर गरे।' तीनै जना सार्वजनिक अपराध ऐनअन्तर्गत सजाय भोगिरहेका थिए। फरार हुनेमा गोरखा नगरपालिकाका-६ का दीपेश मजाकोटी, भीमसेन गाउँपालिका-३ का अभिषेक अधिकारी र भीमसेन गाउँपालिकाकै सन्दीप सुर्खेती रहेका छन्। तीनमध्ये अधिकारी र सुर्खेती लागूऔषधसम्बन्धी कारोबारी रहेका थिए।

मजाकोटी गत भदौ १८ गतेदेखि थुनामा थिए भने अधिकारी र सुर्खेती बिहीबार ५ गतेदेखि मात्र थुनामा थिए। उनीहरू शौचालयको झ्यालको रड बंग्याएर कार्यालय पछाडिको कम्पाउन्डको बाटो भागेको हुन सक्ने शाहले जानकारी दिए। उनीहरूको खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ।

## कांग्रेस कार्यकर्ता कुटिए

नेपाल समाचारपत्र

गौर



विजय जुलुसमा सहभागी हुन जाँदै गरेका नेपाली कांग्रेसका कार्यकर्तालाई एमालेका कार्यकर्ताले कुटपिट गर्दा शनिबार चार जना घाइते भएका छन्। निर्वाचन परिणामको विषयलाई लिएर वृन्दावन नगरपालिका निवासी एमालेबाट मेयरका उम्मेदवार विनोद कुर्मी नेतृत्वको टोलीले सांघातिक आक्रमण गर्दा शेष खैरुल्लाह, शेष मेराजुल, शेष जाहिर, मोहम्मद सैमुल्लाह घाइते भएका छन्।

एमालेका उम्मेदवार विनोद कुर्मीलाई हराउँदै नेपाली कांग्रेसका रामस्नेही यादव विजय भएपछि एमाले कार्यकर्ता आक्रोशित बनेका हुन्। वृन्दावन नगरपालिकाको विश्रामपुरमा नेपाली कांग्रेसको विजय जुलुसमा जान आएका उनीहरूलाई पराजय भोगेका एमालेका उम्मेदवार विनोद कुर्मीसहितको टोलीले आक्रमण गरी घाइते बनाएका हुन्। उनीहरूको चन्द्रनिगाहपुर अस्पतालमा उपचार भइरहेको छ। घटनामा संलग्नहरूले बाँसलगायतका घरेलु सामग्री प्रयोग गरेको हुन सक्ने औंल्याइएको छ। प्रहरी उपरीक्षक यज्ञविनोद पोखरेलले घटनाको अनुसन्धान भइरहेको बताउनुभयो।

## नाकामा लुटपाट नियन्त्रण

नेपाल समाचारपत्र

बाँके

नेपालगन्ज नाकामा यसपालि दशैं मान्न आएका कोही पनि नेपाली लुटिएका छैनन्। दशैंको मुखमा दैनिकजसो एक वा दुई जना लुटिने विगत बोकेको यो नाकामा यसपालि कोही लुटिएका छैनन्।

किन यस्तो राम्रो भयो त ? सम्बद्ध जानकारहरू भन्छन्, सीमा क्षेत्रमा नेपाल र भारतीय प्रहरीले राम्रो काम गरेका छन्। इलाका प्रहरी कार्यालय, जमुनाहाका इन्चार्ज सुधीर खड्का र रूपैडिहा प्रहरी थानाका इन्चार्ज आलोक रायले बिहान आफैं सडकमा बसेर रेखदेख गर्नुका साथै नेपाल प्रहरीका जवानहरू रूपैडिहा बसपार्कमा पुगेर गस्ती गर्ने गरेका छन्।

'रूपैडिहा थानाका इन्चार्ज राय नै बिहान सडकमा बसेर नेपाली बोकेर आएको रिक्सावालालाई भाडाका विषयमा सोधपुछ गर्ने गरेका छन्, नेपालतर्फ आएपछि जमुनाहा प्रहरीले फेरि केरकार गर्छ', जमुनाहा इन्चार्ज खड्काले भन्नुभयो- 'रूपैडिहामा बिहान बस आइपुग्दा नेपाल प्रहरी त्यहाँ पुगेर सुरक्षा दिने गरेको छ।'

नेपाल र भारतका प्रहरीको सहकार्यका साथै चण्डीगढबाट नेपालीले सञ्चालन गरेको यात्रुवाहक सवारी साधन प्युठान, दाङ र रोल्पासम्म सिधैं जाने भएपछि कमाइ गरेर फर्किएका नेपालीहरू सुरक्षित भएका छन्। चण्डीगढबाट स्वर्गद्वारी यातायात व्यवसायी समिति र सुपा देउराली टुर एन्ड ट्राभल्सका यात्रुवाहक सवारीसाधन सिधैं नेपालसम्म आउने गरेका छन्। स्वर्गद्वारीका अध्यक्ष सुनिल बस्नेतका अनुसार, हाम्रा गाडी नेपालसम्म नै जान्छ भन्ने थाहा पाएका जति यही गाडीमा आउने गरेका छन्। थाहा नपाएकाहरू भारतीय बसमा नाकासम्म आउँछन्।



भारतीय बसमा नाकासम्म आउनेहरू लुटिने सम्भावना हुने व्यवसायीहरू बताउँछन्। बसमा लुटेराले विश्वासमा पारेर नशालु पदार्थ मिसिएको खानेकुरा खान दिन सक्छन्। विगतमा यस्तै भएका थिए। बसमा कुरा गर्दै आउने र पायक पर्ने ठाउँमा आएपछि नसालु पदार्थ मिसिएको खानेकुरा खुवाएर पैसा लुटेर बीचमा झर्ने अनि लुटिएका नेपालीहरू रूपैडिहा बसपार्कमा बेहोस अवस्थामा अलपत्र पर्ने गरेका थिए। धेरैजसो चाहि रूपैडिहामै आएपछि लुटिन्थे।

दुवै देशको प्रहरीको राम्रो सहकार्य, भारतदेखि नै प्यूठान, दाङ र रोल्पासम्म सिधैं गाडी जाने गरेपछि लुटपाटमा कमी आएको छ। सिधैं नेपालमा आउने गाडीमा बसेकाहरू लुटिने सम्भावना नै हुँदैन। व्यवसायीहरू भन्छन्, सबै नेपाली मात्रै बसेका हुन्छन्। हामीले बीचमा कतै रोक्दैनौं।

सीमामा रहेका नेपाल र प्रहरीको सहकार्यको राम्रो नमुना देखिरहेका बेलामा केही दिनअघि आएका नेपालगन्ज आएका भारतीय राजदूत मञ्जीवसिंह पुरीले रूपैडिहामै पुगेर दशैं मान्न आउने नेपालीको सुरक्षामा ध्यान दिन भनेपछि सम्बन्ध अझ बलियो भएको छ। खासमा रूपैडिहामा कस्टमका अधिकारीले नै नेपालीलाई लाइनमा लगाएर पैसा असुल्ने गरेकोमा यसपाली त्यो पनि नभएको बुझिएको छ।

कमाउन भारत गएका नेपालीहरू पैसा बोकेर अर्थात दशैं लिएर घर फर्किरहेका छन्। यो नाकाबाट दैनिक दुई हजार हाराहारीमा नेपाली फर्किरहेका छन्। मध्यपश्चिमका पहाडी जिल्लाका हजारौं मानिस भारतका विभिन्न ठाउँमा काम गर्न जाने गर्दछन्। नेपालीको ठूलो पर्व दशैं भएकाले सबैजसो नै फर्किने गर्दछन्। नाकामात्रै नभएर नेपालगञ्ज बसपार्कसम्म आउदा नै ठग्ने, लुट्ने गरेका घटना यसपाली बाहिर आएको छैन। बाँके प्रहरीले बसपार्कसम्म नै सुरक्षा व्यवस्था मिलाएको दाबी गरेको छ। आफ्नो बस बसाउनका लागि तानातान गर्ने खलासीलाई कारबाही गर्ने प्रहरीले नीति बनाएपछि सोझा नेपालीले केही राहत पाएका छन्।


हार्दिक श्रद्धाञ्जली



जन्म मिति: वि.सं. २००३

स्वर्गारोहण मिति: २०७४/५/२८

स्व. डम्बरकुमारी थापा

यस बलेफी गाउँपालिका वडा नं. १ जलवीरका वडाध्यक्ष हाम्रा अति सहृदयी तथा यस संस्थाका सेयर सदस्य श्री मधुबहादुर थापाज्यूकी ममतामयी माता **डम्बरकुमारी थापा**को स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने ईश्वरसँग प्रार्थना गर्दछौं ।

अध्यक्ष
तथा
**नमूना जलवीर साकोस**
**परिवार, सिन्धुपाल्चोक**


## दुई मिनेट

### जिप दुर्घटनामा एकको मृत्यु

गुल्मी, (नेस)

शनिबार अपराह्न गुल्मीमा जिप दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ। यसरी ज्यान जानेमा रेसुंगा नगरपालिका-३ निवासी ३६ वर्षीय बाबुराम पन्थी रहेका छन्। गुल्मीको भेडुवाबाट तम्घास आउँदै गरेको बा११च ८८०३ नम्बरको बोलेरो जिप रेसुंगा नगरपालिका-१३ स्थित भंगारी भन्ने स्थानमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक अनुराकुमार द्विवेदीले जानकारी दिए।

घाइते चालकको जिल्ला अस्पताल तम्घासमा उपचार भइरहेको छ। घटनास्थलमा जिल्ला प्रहरी कार्यालय गुल्मी र सशस्त्र प्रहरीले उद्धार गरेको सशस्त्र प्रहरी बल गुल्मका गुल्मपति प्रेमप्रकाश सिग्देलले जानकारी दिए। दुर्घटना भएको उक्त जिप सडकबाट करिब ३ मिटरभन्दा तल खसेको प्रहरीले जनाएको छ।

### वृद्धले गरे आत्महत्या

बाँके, (नेस)

७४ वर्षका वृद्धले आत्महत्या गरेका छन्। कोहलपुर नगरपालिका-१३, खड्गवारका भीमबहादुर पुरीले झुन्डिएर आत्महत्या गरेका हुन्। चार दिनअघि घरबाट निस्केका पुरीको शुक्रबार बाँके राष्ट्रिय निकुञ्जभित्र रुखमा झुन्डिएको अवस्थामा शव फेला परेको थियो। शव कुहिएर गन्हाइसकेको थियो।

घरबाट निस्केका वृद्धको खोजी भइरहेको थियो। प्रहरी र घरपरिवारले खोजी गरिरहँदा फेला परेका थिएनन्। शुक्रबार घाँस काट्न गएका स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका हुन्। घाँस काट्न गएका मान्छेलाई गन्ध आएपछि नजिक गएर हेर्दा शव देखिएको थियो।

मादक पदार्थ सेवन गर्ने वृद्ध र परिवारका बीचमा यही विषयमा खटपट हुने गरेको बुझिएको छ। वृद्ध बाँके राष्ट्रिय निकुञ्जको घनघोर जंगलभित्रको रुखमा झुन्डिएका थिए। बाँकेमा ११ वर्षदेखि वयोवृद्धले आत्महत्या गरेको तथ्यांक रहेको छ। जिल्लामा आत्महत्याको तथ्यांक लामो रहेको छ। विशेष गरेर चैत्र, वैशाख, जेठमा दैनिक एक जनोले आत्महत्या गरेका छन्।

### बर्दिवास नपामा माओवादी केन्द्रको जित

महोत्तरी, (नेस)

महोत्तरीको बर्दिवास नगरपालिकामा माओवादी केन्द्रले मेयर र उपमेयर पदमा विजय हासिल गरेको हो। मेयरमा माओवादी केन्द्रका विदुरकुमार कार्कीले ९ हजार १ सय ८७ मत ल्याएर जित हासिल गरेका हुन्। निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका प्रल्हाद क्षत्रीले ८ हजार १ सय ७९ मत ल्याएका थिए। बर्दिवासमा कुल २६ हजार ६ सय ५६ मत खसेको निर्वाचन अधिकृतको कार्यालय बर्दिवासले जनाएको छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**आकर्षक घर घडेरी बिक्रीमा**

पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर २६ मा ६ आना क्षेत्रफलमा बनेको गार्डेन पाकिङ सहितको साडे १ तले घर र सोहि महानगरपालिकाको १७ नम्बर आँखा अस्पताल नजिकै दुई तले ५ वटा सटर भयको मासिक ५० हजारसम्म भाडामा दिन सकिने घर सथै आकर्षक घडेरीहरु बिकीमा रहेका छन।

**सम्पर्क :**
९८०५८४९७७७, ९८०५८०८४१३

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङ्टा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**

**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२११४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१५५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

सफलताको १८औं वर्ष

भरोसापूर्ण १९औं

# हार्दिक बधाई तथा
# शुभ - कामना




श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, (ललितपुर-३, पुल्चोक)ले कारोबार संचालन गरेको १८औं वर्ष पुरा गरी **मिति २०७४/०६/१५ गते** देखि **१९औं वर्षमा** प्रवेश गर्न सफल भएको शुभ-अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक बधाई तथा शुभ-कामना व्यक्त गर्दछौं ।

**मुख्य कार्यालयः ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ३ पुल्चोक ।**

पो.ब.नं. ८९७५, ई.पि.सी. २४४३, फोन नं. ५५४६१८०, ५००९०१२, ५००९१०१, ५५३२८५५, फ्याक्सः ५५५४८८१, ई-मेलः shreelaliguras@gmail.com

**सदस्य सुविधा काउण्टरहरूः** ललितपुर, चापागाउँ-६, प्याङ्गगाउँ, फोन नं.: ५५७४७१४, ५५७४६९९ | काठमाण्डौं-७, चाबहिल, फोन नं.: ४४८०२१४, ४४६८७६३ | भक्तपुर, मध्यपुर ठिमी-१५, कौशलटार, फोन नं.: ६६३९४७०, ६६३९४७८

---

**प्रताप प्रसाद प्रधान**
तथा परिवार
सानेपा, ललितपुर

**रूपक प्रधान**
तथा परिवार
जावलाखेल, ललितपुर

**मिनध्वज कार्की**
**चुरेन्द्रध्वज कार्की**
तथा परिवार
जावलाखेल, ललितपुर

**अञ्जु पौडेल श्रेष्ठ**
तथा परिवार
भनिमण्डल, ललितपुर

**सर्वज्ञ भक्त मल्ल**
तथा परिवार
कुपण्डोल, ललितपुर

**केशर बहादुर बिष्ट**
तथा परिवार
धोबिघाट, ललितपुर

**दिनेश बहादुर सिंह**
तथा परिवार
बालुवाटार, काठमाण्डौं

Jyoti 9841441729 | Sandhya 9841347128 | Leela 9841435192
**Chinese Charming Skin Care & Facial Centre**
Kathmandu Mall, 5th Floor, Shop No. 524
Sundhara, Kathmandu
Tel: 4150054
दक्ष ब्यूटीसियनहरुद्वारा चाईनिज प्रविधिबाट Beauty Instrument उपचार
Opening Hour: 9 am to 6 pm

दर्ता नं. ५७२/०६५/०६६
सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
**कामना**
**बचत तथा ऋण सहकारी संस्था लि.**
Kamana Saving & Credit Co-operative Society Ltd.
कुमारीपाटी, ललितपुर, फोन नं. ५००८६५५

**आर्जन AARJAN SAVING AND CREDIT CO-OPERATIVE LIMITED**
Kumaripati, Lalitpur, Nepal
Ph: 5549591
Mail: aarjansaving@gmail.com
SAVE FOR BETTER FUTURE

**न्यू रिता उलन कार्पेट**
धापाखेल, ललितपुर-२३, नेपाल
परिवार
तथा
प्रो. जगदीश्वर अधिकारी
मे.डा. देवीदत्त ढकाल

**HOME Grocer**
Manbhawan
Jawalakhel, Lalitpur
Tel.: 5544584

**सुरेन्द्र चित्रकार**
तथा परिवार
त्यागल, ललितपुर

**United** Multi Purpose Co-operative Limited
**युनाईटेड बहुउद्देश्यीय सहकारी संस्था लि.**
**United Mult-Purpose Co-operative Ltd.**
जावलाखेल-१३, ललितपुर, नेपाल
स्था. २०६४
फोन नं.: ०१-५०००२९५, ५०००२९६
फयाक्स नं.: ९७७-०१-५०००२९७
ई-मेल: unitedcooperative 2013@outlook.com
chairman@downtown.com.np

Mahesh Man Shrestha
Managing Director
**BM Dreams Home Pvt. Ltd**
Gwarko, Lalitpur-7 Cell: 9851097654
Email: maseshman985@gmail.com

**लालमती गुरुङ**
तथा परिवार
दुटेपानी, ललितपुर

**सेल्फ बचत तथा ऋण सहकारी संस्था लि.**
**Self Saving & Credit Co-operative Ltd.**
कोपुण्डोल-१०, ज्वागल, ललितपुर
फोन : ५५२५९७४

Tilak K.C. Proprietor 9843264909
**Tirupati Cafe & Restaurant**
Bhaisepati Awash, (In front of Prabhu Bank), Lalitpur
Tel: 5592589, Cell: 9841632776
WiFi
WE PROVIDE HOME DELIVERY & PACKING

**BLUE MOON BOUTIQUE & CRAFT**
भैसेपाटी चोक, ललितपुर, सिटिजन बैंकको तल
फोन : ९८१८८८०६१०
Available
Lenga, Choli, Kurtha, Gaun and all kinds of Boutique

अमित महर्जन
प्रोप्राइटर
**चन्द्रिका निर्माण सामग्री सप्लायर्स**
नखु चोक, बागडोल (रिङरोड), ललितपुर-४
फोन नं. ५५४९५६०, मोबाइल: ९८५१०८९२०५
निवास:- ईखाछें, ललितपुर-२२
फोन नं.: ५२६०५३७
गुणस्तरीय ईट्टा, बालुवा, रोडा, चिप्स, ग्राविल, ढुङ्गा, माटो तथा अन्य सामान ढुवानीको लागि सम्झनु होला ।

**दिपेश श्रेष्ठ**
तथा परिवार
ललितपुर, ताल्छिखेल

9841221203
**DIGITAL MOBILE HOUSE PVT. LTD.**
Pulchowk, Lalitpur, Nepal
Exchange Facilities also available.

Sojan Bhattachan, 9849284923
**MUSTANG ORGANIC PROVISION & SUPPLIER**
Lalitpur, Sanepa

Min Ghale
Executive Director
**nalma ACADEMY**
Center for Human Excellence
House No:
Lalitpur-14, Talchhikhel
Kathmandu, Nepal
Office Tel: +977-1-5171050
Cell: 98510-35725, 98010-35725
Email: nalmaacademy@hotmail.com

**PRAGATI** MULTIPURPOSE CO-OPERATIVE LTD.
**प्रगती बहुउद्देश्यीय सहकारी संस्था लि.**
पुल्चोक-३, ललितपुर, फोन नं. ०१-५५४०२२४

**फर्पिङ्ग कुलेखानी**
**बहुउद्देश्यीय सहकारी संस्था लि.**
दक्षिणकाली न.पा.-६, काठमाण्डौं
अध्यक्ष
महेन्द्र कृष्ण श्रेष्ठ

**Rich**
**Rich Multipurpose Co-operative Society Ltd.**
**रिच बहुउद्देश्यीय सहकारी संस्था लि.**
Mahapal-18, Kumarichhen, Lalitpur Nepal.
Tel: 977-014-5538805, Email: richcooperative@yahoo.com

विकास महर्जन, ९८५११११८५८
अध्यक्ष
"समय सापक्षको माग सहकारीको साथ"
**उद्धार बचत तथा ऋण सहकारी संस्था लि.**
महालक्ष्मी न.पा.-६, सिद्धिपुर, ललितपुर
फोन नं. ५५८२४७६

डिभिजन सहकारी कार्यालयबाट स्वीकृत प्राप्त
**Jeevanchakra Saving & Credit Co-operative Ltd.**
**जीवनचक्र बचत तथा ऋण सहकारी संस्था लि.**
Lalitpur, Natole, Tel.: 01-5522422

**मनोरञ्जन रमण शर्मा**
तथा परिवार
काठमाण्डौं, पक्नाजोल

**JAYA AMBE**
**SAVING & CREDIT CO-OPERATIVE LTD.**
Kumaripati, Lalitpur, Tel. 5547128

**सुरेन्द्र श्रेष्ठ**
तथा परिवार
भनिमण्डल, ललितपुर

Jaya Laliguras ☎5010610,5010711

# विश्व

## गल्ती

रसियामा एके ४७ राइफल निर्माता कालास्निकोभको प्रतिमामा जर्मनीको बन्दुक कुँदिएकाले प्रतिमा फेरिने भएको छ ।



## अभ्यास

टर्कीले इराक-कुर्दिस सीमाक्षेत्रमा थप सुरक्षाका लागि सैनिक अभ्यास गर्दै ।





विश्व २ मिनेट

### अमेरिका

## एन्टिबडी तयार

वासिङ्टन, (एजेन्सी)

वैज्ञानिकहरुले एचआईभीको कारण हुने ९९ प्रतिशत क्षति रोकेर शरीरमा संक्रमण हुनबाट रोक्ने एक प्रकारको एन्टिबडी विकास गरेका छन् । यो प्रयोग बाँदरमाथि गरिएको हो। यसले भाइरसको तीनवटा जटिल भागमा आक्रमण गर्ने हुँदा एचआईभीलाई आफ्नो असर देखाउन कठिन हुने गरेको वैज्ञानिकहरु बताउँछन् । अमेरिकी राष्ट्रिय स्वास्थ्य प्रतिष्ठान र औषधि उत्पादन कम्पनी सानोफीले यस विषयमा संयुक्त अनुसन्धान गरेका हुन् । अन्तर्राष्ट्रिय एड्स सोसाइटीले यसलाई एकदम सकारात्मक उपलब्धिका रुपमा लिंदै सन् २०१८ मा मानव शरीरमाथि पनि यसको प्रयोग र परीक्षण हुने जनाएको छ ।

### इरान

## क्षेप्यास्त्र परीक्षण

तेहरान, (एजेन्सी)

इरानले शनिबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापक दबाबको बाबजुद पनि एउटा नयाँ मध्यम दूरी क्षमताको क्षेप्यास्त्रको सफल परीक्षण प्रक्षेपण गरेको दाबी गरेको छ । २ हजार किमि दूरीको खोरामशाहर नामक सो क्षेप्यास्त्र प्रक्षेपणको दृश्य सरकारी टेलिभिजनले प्रसारण गरेको थियो । तर यसको प्रक्षेपण कहाँ गरिएको भन्ने स्पष्ट पारिएको छैन । गत मंगलबार ट्रम्पले संयुक्त राष्ट्र संघको वार्षिक महासभामा इरानको आणविक कार्यक्रम र सन् २०१५ को इरान र शक्ति राष्ट्रहरुबीच भएको आणविक सम्झौताको आलोचना गरेका थिए ।

### रसिया

## प्रतिमामा त्रुटि

मस्को, (एजेन्सी)

विश्व प्रसिद्ध स्वचालित राइफल एक-४७ बनाउने रुसीको प्रतिमामा जर्मनको डिजाइनमा रहेको बन्दुक राखिन पुगेकाले त्यस प्रतिमालाई नै परिवर्तन गरिने भएको छ । रुसी अर्थोडक्स चर्चका सदस्यहरु र सरकारी अधिकारीहरुको उत्साहजनक उपस्थितिमा यसै साता मात्र मिखाइल कालास्निकोभको प्रतिमा अनावरण गरिएको थियो । तर विशेषज्ञहरुले सो प्रतिमाको फेदमा कुँदिएको एसटीजी-४४ राइफल दोस्रो विश्व युद्धताका नाजीहरुले प्रयोग गर्ने गरेको बताएका थिए । रुसी सेनालाई उद्धृत गर्दै मूर्तिकारले गल्ती गरेको रुसी सञ्चारमाध्यमले जनाएको छ । यो प्रतिमा २५ फिट अग्लो छ ।

### इन्डोनेसिया

## उच्च सतर्कता

जाकार्ता, (एजेन्सी)

इन्डोनेसियाले शनिबार बालीमा रहेको माउन्ट आगुंग ज्यालामुखी विस्फोट हुन सक्ने भन्दै उच्च सुरक्षा सतर्कता जारी गरेको छ । सरकारले पर्यटकहरुका लागि अति आकर्षक गन्तव्य बालीमा ज्वालामुखी फुट्ने सम्भावना निकै धेरै भएको जनाएको छ । मानिसहरुलाई उक्त पहाडदेखि कम्तीमा नौ किमि टाढा रहन आह्वान गरिएको छ । यसअघि नै करिब दश हजार मानिसलाई सुरक्षित गन्तव्यतर्फ लगिसकेको छ । अधिकारीहरुले सो पहाडमा कम्पन महसुस गरिएको र यसले म्याग्मा जमिनको सतहतर्फ आइरहेको संकेत दिएको जनाएको छ ।


Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Division Office, Palpa

**INVITATION FOR BIDS (IFB)**

IFB No: - *DUDBC_Palpa/074/75-01** First Date of publication: *2074/06/08 BS (2017/09/24 AD)*

| S.N. | Contract No. | Work Description | Major Works | Key Qualification (without VAT) | | Bid Security Amount NRs. | Price of Bid Document NRs. | Estimate Amount (NRs. Excluding VAT) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | DUDBC/ Palpa /NCB/ Works/073/74-04 | Construction of Yamgha Health Post Building, Palpa | PCC for RCC 150 Cum, Reinforcement in RCC 20,000 kg | Turnover | Rs. 14.0 Million | 450,000 | 3,000 | **1,44,90,341.61** |
| | | | | Experience | 3 years Minimum | | | |
| | | | | Similar Nature | Rs. 11.5 Million | | | |
| 2 | DUDBC/ Palpa /NCB/ Works/073/74-05 | Construction of Telgha Health Post Building, Palpa | PCC for RCC 150 Cum, Reinforcement in RCC 20,000 kg | Turnover | Rs. 14.0 Million | 450,000 | 3,000 | **1,44,91,326.15** |
| | | | | Experience | 3 years Minimum | | | |
| | | | | Similar Nature | Rs. 11.5 Million | | | |
| 3 | DUDBC/ Palpa /NCB/ Works/073/74-15 | Construction of Gaudakot Health Post Building, Gulmi | PCC for RCC 180 Cum, Reinforcement in RCC 26,000 kg | Turnover | Rs. 19.5Million | 550,000 | 5,000 | - |
| | | | | Experience | 3 years Minimum | | | |
| | | | | Similar Nature | Rs. 15.6Million | | | |
| 4 | DUDBC/ Palpa /NCB/ Works/073/74-18 | Construction of Dohali Health Post Building, Gulmi | PCC for RCC 150 Cum, Reinforcement in RCC 20,000 kg | Turnover | Rs.17.5 Million | 500,000 | 5,000 | - |
| | | | | Experience | 3 years Minimum | | | |
| | | | | Similar Nature | Rs. 14 Million | | | |
| 5 | DUDBC/ Palpa /NCB/ Works/073/74-22 | Construction of Rahabas Health Post Building, Palpa | PCC for RCC 150 Cum, Reinforcement in RCC 20,000 kg | Turnover | Rs. 16.2 Million | 450,000 | 3,000 | **1,62,54,888.02** |
| | | | | Experience | 3 years Minimum | | | |
| | | | | Similar Nature | Rs. 13 Million | | | |

**Government of Nepal** has allocated funds towards the cost of construction of the works mentioned in the table and intends to apply part of the funds to cover eligible payments under the contract for above mentioned name and identification number of bids. Bidding is open to all eligible bidders.

1. Department of Urban Development and Building Construction, Division office Palpa (DUDBC Division Office Palpa) invites sealed bids or electronic bids from eligible bidders for the construction of **aforementioned works** under National Competitive Bidding ***Single Stage Single Envelope Biding Procedures for works stated in S.N. (1), (2) & (5) of above table and Single Stage– Two Envelope Bidding procedures for works stated in S.N. (3) & (4) of above table.*** Under the Single-Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two sealed envelopes, **(i)** One sealed envelope containing the technical Bid and labeled **"Technical Proposal"** and, **(ii)** The other sealed envelope containing Price Bid only and labeled as **"Price Bid".** Both in turn enclosed in one sealed envelope as per the provision included in ITB 21 of Bid Document. The **"Letter of Technical Bid"** submitted with Technical Bid, and the **"Letter of Price Bid"** submitted with Price Bid in separately sealed envelopes must be signed by authorized signatory, failure to which may be the ground for declaring the bid non- responsive.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of DUDBC Division Office Palpa or or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Eligible Bidders may purchase a complete set of Bidding Documents from the DUDBC Division Office Palpa on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of above mentioned amount till ***2074/07/06 (23 Oct., 2017)Time 17.00 hrs.***
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (PDF format) of the Bank Deposit Voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Information to deposit the cost of Bidding Document in Bank:
   Name of the Bank: *Rastriya Banijya Bank, Tansen, Palpa.* *Bank's Code no:303*
   Name of Office: *DUDBC Division Office Palpa* Office Code No. : *40-347-01*
   Revenue title number : *14227* Office account number*: ka-1-1-001*
   The Bid Security Amount can be deposited to the following Deposit account of District Treasury Comptlor Office, Palpa
   Name of the Bank: *Rastriya Banijya Bank, Tansen, Palpa*; Deposit Account No: 3030203000000; Office code: *40-347-01*
4. Pre-bid meeting shall be held at ***DUDBC, Division Office Palpa at 14:00 on 2074/06/29 (15 Oct, 2017 ).***
5. Sealed bids must be submitted to the DUDBC, Division Office Palpa by hand/courier or Interested bidders should submit online bids through e -procurement portal http://www.bolpatra.gov.np/egp only on or before ***12:00*** on ***2074/07/07 (24 Oct, 2017)***. Bids received after this deadline will be rejected. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2073 and User manuals issued by PPMO which are available in e-GP system.
6. The Bids (only Technical bids in case of Single Stage– Two Envelope Bidding procedures) will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00*** on ***2074/07/07 (24 Oct, 2017)*** at the ***DUDBC, Division Office Palpa*** . If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
7. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format in case of e-bid, amounting to a minimum of **as specified above** which shall be valid for 30 days beyond the validity period of the bid after dateline for Bid submission last date .
8. Bidders may withdraw or modify its bids by sending a written notice in a sealed envelope, duly signed by an authorized representative, and shall include a copy of the authorization in accordance with ITB 20.2 before 24 hours prior to the deadline of submission of bids.
9. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-portal system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
10. ***Any corrections needed shall be published on notice board of DUDBC Division Office Palpa and*** PPMO website www.bolpatra.gov.np/egp.
11. After the completion of evaluation of Technical Bids (***for Bids under Single Stage - Two Envelope Bidding procedures***) which are substantially responsive evaluated bidders, will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or PPMO website www.bolpatra.gov.np/egp.
12. Bidders who choose to submit the bid by e-bidding system, must submit the original copies (Hard copy) to DUDBC Division Office Palpa within 7days of last day of bid submission**.** Non submission of hard copy by the Bidder within specified time shall be considered as non-responsive and may cause forfeiture of bid security.
13. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever at any time prior to contract award.
14. Other mandatory information shall be as per the Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Ammended).

**Employer's Address:**
The Employer: Department of Urban Development and Building Construction Division Office, Tansen Municipality, Dhrubaghat, Palpa
Telephone: +977-075-520152, Fax No: +977-075-520152, Email address: dudbcpalpa@gmail.com

**Division Chief**


# चीनद्वारा उत्तर कोरियामाथि नाकाबन्दी शुरू



## अर्को आणविक विस्फोटको आशंका

बेइजिङ, (एजेन्सी)

आफ्नो विवादास्पद आणविक तथा क्षेप्यास्त्र कार्यक्रमको कारण अन्तर्राष्ट्रिय जगत्मा राजनीतिक रूपमा एक्लिन पुगेको उत्तर कोरियालाई चीनले तेल आपूर्ति सीमित पार्दै उत्तरबाट लत्ता कपडा किन्ने कार्य शनिबारदेखि बन्द गरेको चिनियाँ आधिकारिक सरकारी समाचार निकाय सिन्हवाले जनाएको छ ।

चीन उत्तर कोरियाको सबैभन्दा भरपर्दो व्यापारिक साझेदार रहँदै आएको छ । साथै चीन प्योङयाङको विदेशी मुद्रा आर्जन गर्ने एक मात्र स्रोत रहेको छ । संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को पछिल्लो नाकाबन्दी अनुरूप कपडा निर्यात प्रतिबन्धको कारण उत्तर कोरियाको आय आर्जन नराम्ररी प्रभावित हुने भएको छ ।

साथै चीनको तेल आपूर्ति उत्तरकोरियाका लागि पेट्रोलियम पदार्थको प्रमुख स्रोत रहँदै आएको थियो । यसै महिना उत्तर कोरियाले गरेको हालसम्मकै सबैभन्दा शक्तिशाली मानिएको छैठौं आणविक परीक्षणपछि सुरक्षा परिषद्ले थप कडा नाकाबन्दी लगाएको थियो ।

चीनको वाणिज्य मन्त्रालयले हिजो जारी गरेको विज्ञप्तिमा प्रशोधित पेट्रोलियम उत्पादनलाई आगामी १ अक्टोबरदेखि निर्यातमा रोक लगाइने तर तरल पारिएको प्राकृतिक ग्यास आपूर्ति भने तत्काल नरोकिने बताइएको छ । तर राष्ट्र संघको प्रस्तावनामा व्याख्या गरिएबमोजिम चीनले सीमित मात्रामा अझै पनि उत्तर कोरियालाई तेल उपलब्ध गराउने भएको छ ।

त्यसैगरी बेइजिङ र प्योङयाङबीच हुँदै आएको व्यापारको परिमाण र नयाँ नीतिअनुसार कति परिमाणमा व्यापार कटौती हुने भन्ने स्पष्ट हुन सकेको छैन। तर कपडा प्रतिबन्धको कारण उत्तरले वार्षिक ७० करोड अमेरिकी डलर बराबरको मूल्य चुकाउनुपर्ने अनुमान गरिएको छ ।

चीन र रसिया दुवैले शुरूमै उत्तरमाथि पूर्णतः तेल आपूर्ति रोकिनुपर्ने अमेरिकी प्रस्तावकको विरोध गरेका थिए । यसैबीच चीनको भूकम्प विभागले हिजो उत्तर कोरियामा ३ दशमलव ४ रिक्टर स्केलको भूकम्प मापन भएको जनाउँदै उत्तरले अर्को आणविक बम विस्फोट गरेको हुनसक्ने आशंका गरेको छ ।

केही दिनअघि मात्र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यदि अमेरिका र अमेरिकी गठबन्धन मुलुकका लागि कुनै खतरा महसुस भएको खण्डमा उत्तर कोरियालाई ध्वस्त पारिने भनी संयुक्त राष्ट्र संघको वार्षिक महासभामा भाषण दिएका थिए । उत्तरका विदेशमन्त्री रिले ट्रम्पको सो भाषणलाई कुकुरको भुकाइसँग तुलना गरेका थिए ।

# सन्नी लियोन अभिनित कन्डमको बिलबोर्ड हटाइए

नयाँ दिल्ली, (एजेन्सी)




केही भारतीयहरुको व्यापक विरोधको कारण पश्चिमी भारतीय राज्यमा हिन्दूहरूको महान् चाड नवरात्रिको दौरान एउटा कन्डम उत्पादन कम्पनीले आफ्नो चर्चित म्यानफोर्से ब्रान्डको कन्डमको विज्ञापन प्रवर्द्धन कार्यक्रम रोक्न बाध्य भएको नयाँ दिल्लीस्थित बीबीसीका पत्रकार गीता पाण्डेले बताएकी छिन् ।

नवरात्रि शुरू हुनु केही दिनअघि मात्र बिहीबार भारतीय मूलकी क्यानडाली अभिनेत्री सन्नी लियोन रहेको उक्त कन्डमको ठूला ठूला बिलबोर्डहरु थुप्रै शहरमा राखिएका थिए । त्यसमा सन्नीले मानिसहरुलाई सन्देश दिइरहेकी थिइन्- 'नवरात्रि मनाउनु तर प्रेमपूर्वक।' पूर्व पोर्न स्टार सन्नीले बलिउडमा धेरै हिट फिल्म दिइसकेकी छिन् ।

भारतमा असंख्य प्रशंसक बनाउन सफल सन्नीलाई भारतकै सबैभन्दा ठूलो कन्डम उत्पादन कम्पनी म्यानफोर्सले ब्रान्ड एम्बेसडर बनाएको हो । यस विज्ञापनलाई अहिलेसम्मकै निकै घटिया र अश्लील भन्दै केही भारतीय रूढीवादीहरुले आक्रोस पोखेका थिए ।

थुप्रै सामाजिक सञ्जालमार्फत यसको विरोध भएको थियो । अखिल भारत व्यापार महासंघ र सरकारसमक्ष पनि यस विज्ञापनलाई तत्काल हटाउने माग गर्दै उजुरी परेको थियो । उपभोक्ता मामिला मन्त्री राम विलास पासवानलाई दिइएको याचिकापत्रमा एक हिन्दूवादी संस्थाले उल्लेख गरेको छ- 'हाम्रो सम्पूर्ण संस्कृतिलाई नै खतरामा पारेर विक्री प्रवर्द्धन प्रयास गर्नु अपरिपक्व र अनुत्तरदायी काम हो ।'

यसैगरी व्यापार महासंघका महासचिव प्रवीण खण्डेवालले महिलाहरुको शक्तिको प्रतीकलाई झल्काउने नवरात्रि पर्वलाई कन्डमसँग जोडिन खोज्नु अत्यन्तै आपत्तिजनक रहेको बताएका छन् । दिल्लीमा बस्ने खण्डेवालले हालै सुरत शहरको भ्रमणको क्रममा यो बिलबोर्ड देखेको बताएका छन् ।

> विश्वविद्यालयको भदौ २५ गतेको कार्यकारी परिषद्को १ सय ३५औं बैठकले हेटौंडामा स्नातक तहका विद्यार्थी भर्ना गर्दा संकाय सञ्चालनमा रहेको हेटौंडा नगरक्षेत्रका विद्यार्थीका लागि कोटा स्वीकृत गरेको हो।

# प्रदेश नम्बर २ मा के भयो?

**कृष्णउदास खनाल, वीरगन्ज**

नेकपा एमालेका नेता माधवकुमार नेपाल राजनीतिमा निकै अब्बल व्यक्तिको रूपमा चिनिन्छन्। हुन त उनी २०६४ सालको संविधान सभाको चुनावमा रौतहटबाट पराजित हुँदा पनि चर्चा भएको थियो। यद्यपि २०७० सालको चुनावमा माधव नेपाल संविधान सभाका सदस्यका लागि विजयी भएकै हुन्।

उनी पराजित हुनु र विजयी हुनुमा पनि राजनीतिमा अर्थ रहँदो रहेछ। अहिले मधेसका जिल्लामा स्थानीय तहको चुनावपछि मत परिणाम आउने क्रम जारी छ। माधव नेपालको गृह जिल्ला रौतहटमा एमालेले एक स्थानीय तहसमेत जित हासिल गर्न नसकेको विषयमा अहिले टिप्पणी भएको पाइन्छ। हुन त रौतहटको सबै स्थानीय तहको परिणाम आएको छैन यद्यपि अब मत परिणामका आधारमा एमाले जित्ने सम्भावना कम छ। माधव नेपालकै वडाबाट राजपाका उम्मेदवारले विजयी हासिल गरेको खबर सार्वजनिक भएको छ।

समग्र मधेसमा एमालेको अवस्था राम्रो नरहने निश्चितजस्तो देखिएको छ भने तुलनात्मक रूपमा कांग्रेसलाई फाइदा देखिएको छ। पहिलो र दोस्रो स्थानीय तहजस्तै मधेसमा पनि कांग्रेस दोस्रो पार्टी हुने कतिपय राजनीतिक विश्लेषकको ठम्माइ थियो तर राजनीतिक विश्लेषकको भन्दा फरक ढंगले मत परिणाम आएको छ जुन कांग्रेसका नेताको दाबी गर्दै आएको जस्तो भने भएको छ।

मधेसमा कांग्रेसले अग्रता लिनु भनेको लगभग नैतिक रूपमा पहिलो पार्टी भएजस्तै हो। बिमलेन्द्र निधिको नगरी धनुषामा कांग्रेस पराजित भए पनि समग्र मधेसको अग्रताले उनलाई जोगाएको छ। बारा जिल्लामा पनि समग्रमा एमाले कमजोर नै भएको छ। यदि कलैया उपमहानगरपालिका जित्न सकेन भने बारामा एमाले लगभग कमजोर भएको ठहरिनेछ।

सर्लाही मधेसवादी दलको वर्चस्व भएको ठाउँ हो। राजेन्द्र महतो, महेन्द्रराय यादव र महन्थ ठाकुरको गढ मानिएको सर्लाही जिल्लामा मधेसवादी दलको जितले उनीहरूलाई राहतमात्रै भएको छैन, सन्तोषको सास फेर्ने अवस्थासमेत सृजना गरिएको छ।

सर्लाही जिल्लामा कांग्रेसले अपेक्षाकृत सफलता हासिल गरेन तर एमाले भने कमजोर नै देखिएको छ तर माओवादी भने बलियो नै देखिएको छ। महोत्तरीमा माओवादी नेता गिरीराजमणि पोखरेलले गर्व गर्ने ठाउँ दिएको छ। सिरहा र सप्तरीमा कांग्रेस र मधेसवादी दलसंगै माओवादीलाई फाइदा भएको छ।

स्थानीय चुनावमा मधेसमा धेरै स्थानमा माओवादीले सफलता हासिल गरेको छ। यो माओवादीको नैतिक जित हो। प्रचण्ड लगभग हारेको भनिएको सिरहाको कर्जनाहामा माओवादीले जित हासिल गरेर प्रचण्डको मात्रै होइन माओवादीकै सानलाई उच्च बनाएको छ।

**पर्सामा 'नाक' कै चिन्ता**

चुनाव आउनै लाग्दा महानगरपालिका घोषणा भएको वीरगन्जलाई ठूला दलले प्रतिष्ठाको विषय बनाएका छन्। वीरगन्जको मेयरमा जित्ने दलले आधा मधेस जितेको अनुभूति यसै पनि गर्नेछ। वीरगन्ज धेरै कारणले चर्चामा रहेको स्थान हो। मधेस आन्दोलनका क्रममा बढी चर्चामा रहेका कारण मधेसवादी दललाई चुनाव जित्नुपर्ने दबाब छ तर कांग्रेसले पनि यसलाई प्रतिष्ठाको विषय बनाएको छ।

यदि वीरगन्जमा कांग्रेस पराजित भयो भने उनको नाक रहँदैन। पर्साको धेरै स्थानीय तहमा कांग्रेसले राम्रो नतिजा ल्याउन सकेन। संसद् रहेका सुरेन्द्र चौधरीको क्षेत्रमा त लगभग कांग्रेस पत्तासाफ नै भएको छ। २०७० सालको चुनावमा दुई निर्वाचन क्षेत्र जितेको कांग्रेसका लागि वीरगन्ज 'नाक' जोगाउनका लागि पनि जित्नुपर्नेछ तर मतपरिणामले भने हम्मेहम्मे बनाएको छ तर उपमेयरमा भने जित्ने सम्भावना अधिक देखिएको छ।

एमालेका लागि पर्सा जिल्ला दाँतमा ढुंगा लागेको जस्तो भएको छ। उसले धेरै ठाउँ पर्सामा गुमाएको छ। एमाले पर्सामा पराजित हुनुको कारण एमालेभित्रैको अन्तरकलह रहेको पत्रकारसमेत रहेका केसी लामिछानेले विश्लेषण गर्दै एक लेख नै लेखेका छन्। उम्मेदवार छनोटमा पनि ख्याल नगरिँदा क्षति ब्यहोर्नुपरेको एमाले वृत्तकै ठम्माइ छ। एमालेका सांसद राजकुमार गुप्ता, जयप्रकाश थारु र रामचन्द्र साह जितेका स्थानमा एमालेको पराजय भएको छ।

नेकपा माओवादीलाई भने खुदो भएको छ। लगभग पत्तासाफजस्तो देखिएको र अहिलेसम्म एक सिटसमेत नजितेको माओवादीले पर्सामा तीन गाउँपालिकामा नै झण्डा गाडेको छ। जुन माओवादीका लागि राष्ट्रियस्तरमा नै गर्वको कुरा भएको त्यही पार्टीका नेता अमिताभ बच्चन दासले बताएका छन्। माओवादीले पर्साको दुई गाउँपालिकामा झण्डा गाड्नुभनेको भोलिका दिनमा जिल्लाको धेरै स्थानमा जित्ने आधार भएको तर्क गर्ने धेरै छन्।

संघीय समाजवादी फोरमले झनै नाक ठाडो बनाउने अवस्था सृजना भएको छ। पर्साको झण्डै चार स्थानमा विजयी भएको फोरमका लागि यो निकै सकारात्मक कुरा हो।

पहिलो पटक चुनावमा होमिएको फोरमले वीरगन्ज महानगरपालिकामासमेत धावा बोलेको छ। जित नै नभए पनि दोस्रो भए पनि उनका लागि यो जित सरह नै हो। राजपाका लागि भने पर्सामा गाह्रै परेको छ। राजपाले चुनाव जित्ने अवस्था सकिएको छ। वीरगन्ज महानगरपालिकामा शुरूमा पहिलो रहेको राजपा अब तेस्रो स्थानमा छ। यद्यपि वीरगन्जबाहेकका स्थानमा उसको जितको अवस्था अब सकिएको छ।

**नयाँ अनुहार**

एमालेका २०६४ सालमा सभासद् भएका प्रघुम्न चौहान हालै फोरममा प्रवेश गरे। उनी फोरममा प्रवेश गरेपछि धेरै टिप्पणी भयो। उनी पर्साको पोखरिया नगरपालिकाको प्रमुखमा पनि उठे तर २८ वर्षका एक नयाँ युवा उम्मेदवारसँग उनी पराजित भए। जनता दलबाट पोखरिया नगरपालिका प्रमुखमा उठेका दीपनारायण रौनियार कलिलो उमेरमै प्रमुखजस्तो गरिमामय पदमा आसिन हुन पुगे। जनता दल पर्साका लागि नयाँ पार्टी हो र नयाँ उनी पनि नयाँ नै उनी जिते। त्यसो त कालिकामाई गाउँपालिकामा पनि यो पार्टीले अध्यक्ष पड्कायो जुन ठूला र मधेसवादी दलले कल्पना गरेका थिएनन्।

**पत्रकारको पगरी**

समग्र मुलुकमा मुस्लिम समुदायको उपस्थिति बाक्लो नभए पनि पर्सामा मुस्लिम समुदायको राम्रै उपस्थिति छ। यद्यपि मुस्लिम समुदायबाट पत्रकारितामा उच्च शिक्षा हासिल गरेकी र पत्रकारितासमेत गरिरहेकी सलमा खातुनको पोखरिया नगपालिकाको उपप्रमुखमा भएको उदयलाई यहाँका नागरिक समाजले सम्मानका साथ लिएका छन्।

उनले लिने नीति पोखरियाबासीका लागि भोलिका दिनमा राम्रो हुने आँकलन गरिएको छ। पर्साको पत्रकारितामा सक्रिय पवन तिवारीको पनि राजनीतिमा उदय भएको छ। कालिकामाईको वडा नम्बर-५ मा उनले माओवादीको झण्डा गाड्दै वडा अध्यक्ष जिते।

यसरी समग्रमा हेर्ने हो भने मधेस माओवादीका लागि फलिफाप, कांग्रेसका लागि महाफाप, मधेस दल खास गरी फोरमका लागि खुदो र एमालेका लागि भने विरोधीले भन्दा 'खुच्चिंग' भने झैं भएको छ।

मधेसको राजनीतिमा अहिलेको चुनावी परिणामले दीर्घकालीन असर पनि गर्नेछ। स्थानीय तहको चुनाव भएका कारण र स्थानीय निकाय अब स्वयत्त भएका कारण दलीय संरचनामा चल्ने स्थानीय निकाय मधेसमा झनै राजनीतिक क्रिडास्थल बन्ने खतरा देखिन्छ।

# दुई नम्बरमा कांग्रेस पहिलो शक्ति

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रदेश नम्बर २ को ८ जिल्लाका १ सय ३६ स्थानीय तहमध्ये १ सय ६ स्थानीय तहको नतिजा आएको छ। मतपरिणामअनुसार कांग्रेस ३३, संघीय समाजवादी फोरम २०, माओवादी केन्द्र १९, राजपा १८, एमाले १३, फोरम लोकतान्त्रिक ३ तथा नयाँ शक्ति र जनता दल १-१ स्थानीय तहमा विजयी भएका छन्।

नतिजा आउन बाँकी २८ तह मध्ये ८ स्थानमा कांग्रेसको अग्रता छ। यस्तै फोरम माओवादी केन्द्र र राजपाको ५-५ तहमा अग्रता छ भने एमालेको ७ तहमा अग्रता रहेको छ। यस्तै जनता दलको पनि १ स्थानमा अग्रता रहेको छ।

अब मात्र २८ तहको नतिजा आउन बाँकी रहेको छ। आउन बाँकीमध्ये वीरगञ्ज महानगरपालिका र जनकपुर, जितपुर र सिमरा उपमहानगरपालिकासमेत रहेका छन्। यी एक महानगर र काठमाडौं-प्रदेश नम्बर २ को सर्वाधिक चासोका रुपमा रहेको स्थानीय तह वीरगन्ज महानगरपालिकाको मतगणना जारी छ।

वीरगन्ज महानगरमा कांग्रेसको अग्रता छ, तर संघीय समाजवादी फोरम पछ्याउँदै छ। मतका हिसाबले राजपा, एमाले र माओवादी अलि पछाडि छन्। प्रदेश नम्बर २ को एकमात्र महानगर वीरगन्जको जारी मतगणनामा मेयरका लागि नेपाली कांग्रेस र संघीय समाजवादी फोरमका उम्मेदवारबीच कडा टक्कर भइरहेको छ।

शुरुमा राजपाले अग्रता लिएको वीरगन्जमा पछिल्लो समय नेपाली कांग्रेसका उम्मेदवार अजय द्विवेदीले अग्रता लिएका छन्। अहिले उहाँलाई फोरम उम्मेदवारले पछ्याइरहेका छन्।

द्वीवेदीले ७ हजार ९ सय ४९ मत ल्याउँदा फोरम उम्मेदवार विजय सराबगीले ७ हजार ८ सय ३२ मत पाएका थिए। तेस्रो स्थानमा रहेका राजपा उम्मेदवार राजेशमान सिंह झण्डै दुई हजार मतले पछि पर्नुभएको छ। उहाँले ५ हजार ६ सय ९९ मत पाउनुभएको छ।

उपमेयरमा पनि कांग्रेसकै अग्रता छ। कांग्रेस उम्मेदवार शान्ति कार्कीले ९ हजार १ सय ८९ मत पाउनुभएको छ। फोरम उम्मेदवार पिंकीदेवी यादवले ७ हजार ५ सय ५ मत पाउनुभएको छ। राजपाका उम्मेदवार रम्भा मिश्रले ४ हजार ९ सय ५३ मत पाउनुभएको छ। वीरगन्जका ३२ मध्ये १० वडाको अन्तिम नतिजा सार्वजनिक भएको छ। वीरगन्ज महानगरपालिकाको ३० हजार १ सय १७ मतको गणना सकिएको छ।

जनकपुर उपमहानगरपालिकाको मत परिणाम पनि रोचक बन्दै गएको छ। नेपाली कांग्रेसको गढ मानिने जनकपुरमा राजपा दोब्बर मतले अग्रता लिरहेको छ। त्यस्तै, जनकपुर जित्ने दाबी गर्दै आएका एमाले राजपाभन्दा सात गुणाले पछाडि परेको छ। तीन उपमहानगरपालिकाको नतिजालाई महत्त्वका साथ हेरिएको छ।

# केन्द्र निर्धारण विवाद उत्कर्षमा

इलाम नेस। तीव्र विवादका बीच स्थानीय तह निर्धारणको क्रममा दलहरूले सबैभन्दा अन्तिममा निर्णय गरेको सन्दकपुर गाउँपालिकामा फेरि केन्द्रको विषयमा विवाद उत्पन्न भएको छ। केन्द्र निर्धारण गर्ने विषयमा गाउँपालिकावासी नै दुई धारमा विभाजित भएका छन्। एक पक्षले केन्द्र निर्धारण गाउँ सभाले निर्णय गरेकै ठाउँमा हुनुपर्ने अडान लिएको छ। अर्को पक्ष भने गाउँ सभाले निर्णय गरेको स्थानमा सिङो गाउँपालिकावासीका लागि अपायक पर्ने हुँदा उपयुक्त स्थानमा बनाउनु पर्ने माग राख्दै आएका छन्।

यी दुबै पक्ष आ-आफ्नो अडानमा अडीग बन्दा सन्दकपुर गाउँपालिकाको केन्द्र निर्धारण अन्योलमा समेत परेको छ। आफूहरूको मागको बेवास्ता गरिए कडाभन्दा कडा आन्दोलन गर्ने चेतावनी दुबै पक्षले दिँदै आएका छन्। हाल अस्थायी रूपमा सन्दकपुर गाउँपालिकाको वडा नम्बर ३ देउराली बजारमा केन्द्र रहेको छ। तर स्थायी रूपमा केन्द्र बनाउनका लागि गाउँपालिकाले तीन हप्ताअघि सम्पन्न गरेको प्रथम गाउँ सभाबाट देउराली बजारबाट करिब आधा किलोमिटर तल झिल्केधारामा केन्द्र राख्ने निर्णय गरिसकेको छ। सभाले गाउँपालिकाको केन्द्र निर्धारण गरेपछि केन्द्रको भवन निर्माण गर्न स्थानीय भालुकटेरी सामुदायिक वन र स्थानीय व्यक्तिहरूले ५०/५० रोपनी जग्गासमेत निःशुल्क उपलब्ध गराइसकेका छन्।

# सिरहाको लहानमा एमालेको जित



**फिरोज सिद्दिकी, सिरहा**

तेस्रो चरण निर्वाचनअन्तर्गत स्थानीय तह निर्वाचनको जारी मतपरिणामअनुसार सिरहाको लहान नगरपालिका नेकपा एमाले विजयी भएको छ। लहान नगरपालिकाको नगर प्रमुखमा नेकपा एमालेका मुनी साह र उपमेयरमा एमालेकै सरियार चौधरी विजयी भएका छन्।

निर्वाचित नगर प्रमुख साहले दोस्रोपटक लहानका जनताले अत्यधिक मत दिएर मलाई जिताउनुभएकोमा धन्यवाद ज्ञापन गर्दै चुनावी प्रचारप्रसारका क्रममा जनतासँग गरेका सम्पूर्ण प्रतिबद्धता पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो। समृद्ध सम्पन्न र सुन्दर लहान बनाउने प्रतिबद्धतामा लहानवासी विश्वास गरेर मतदान गरेकोमा त्यो विश्वासलाई सधैं कदर गर्नेछु भन्दै नगरपालिकामा अहिले २४ वटा वाडा विस्तार भएकाले चुनौतीसमेत रहेको छ। आईपर्ने चुनौतीको सामना गर्न अरु दलहरुसँग सहमतीय र सहकार्यका लागि सधैं तयार रहने बताउनुभयो। मधेस आन्दोलनको उद्गमस्थल मानिएको लहानमा मधेसवादी दल संघीय समाजवादी फोरम नेपाल तेस्रो, राजपा नेपाल छैठौं र फोरम लोकतान्त्रिक सातौं स्थानमा सीमित भएका छन्।

एमालेले सिरहाको सुखिपुर नपा, नरहा गाउँपालिका र सखुवा ननकारकट्टी गाउँपालिकामा जित हासिल गरिसकेको छ। सिरहाका १७ स्थानीय तहमध्ये १६ तहको परिणाम सार्वजनिक हुँदा माओवादी केन्द्रले मिर्चैया नपा, कर्जन्हा नपा, धनगढीमाई नपा, गोलबजार नपा, औरही गापा र अर्नमा गाउँपालिकामा जित हासिल गरिसकेका छन्। संघीय समाजवादी फोरम भने बरियारपट्टी, लक्ष्मीपुर पतारी, भगवानपुर र विष्णुपुर गाउँपालिका जितेको छ। यस्तै कांग्रेसले दुई स्थानीय तह नवराजपुर गाउँपालिका र कल्याणपुर नगरपालिका जित्न सफल भएको छ भने राजपाले हालसम्म खाता खोल्न पनि सकेको छैन। अब सिरहा नगरपालिकाको मात्र मतपरिणाम सार्वजनिक हुन बाँकी छ। सिरहा नपामा संघीय समाजवादी फोरमले अग्रता लिएको छ।

# वन संकायमा अब हेटौंडा कोटा

हेटौंडा, (नेस)। कृषि तथा वन विश्वविद्यालयले आफ्नो वन संकाय हेटौंडाका लागि अब स्थानीय कोटा उपलब्ध गराउने भएको छ। विश्वविद्यालयको भदौ २५ गतेको कार्यकारी परिषद्को १ सय ३५औं बैठकले हेटौंडामा स्नातक तहका विद्यार्थी भर्ना गर्दा संकाय सञ्चालनमा रहेको हेटौंडा नगरक्षेत्रका विद्यार्थीका लागि कोटा स्वीकृत गरेको हो।

विश्वविद्यालयका विभिन्न संकाय तथा आंगिक कलेजहरूमा स्नातक तहको विद्यार्थी भर्ना गर्दा सम्बन्धित संकाय तथा कलेज रहेको उपमहानगरको सिफारिसमा विश्वविद्यालय मेरिट लिस्टका आधारमा स्थानीय विद्यार्थीमध्ये २ जनालाई स्थानीय कोटामा भर्ना लिने निर्णय भएको वन संकाय डिन डा. बलराम भट्टले बताए। स्थानीय दलहरूले विश्वविद्यालयको डिन कार्यालय हेटौंडामा स्थापना भए पनि स्थानीय विद्यार्थीले अवसर नपाएको गुनासो गरेपछि विश्वविद्यालय बैठकले यस्तो निर्णय गरेको हो।

# मतपरिणाम धमाधम घोषणा हुँदै

**लक्ष्मीकुमार साह, महोत्तरी**

महोत्तरीका १५ स्थानीय तहमध्ये १३ स्थानको परिणाम सार्वजनिक भएको छ। शनिबार साँझसम्म आएका परिणाममध्ये राजपाले ५, कांग्रेसले ३, माओवादी केन्द्रले ४ र संघीय समाजवादी फोरमले एक स्थानमा जितेको छ। राजपाले जलेश्वर, मटिहानी, सीतापुर भंगहा नगरपालिका, एकडारा र महोत्तरी गाउँपालिकामा, कांग्रेसले बलवा, औरही र लोहारपटी नगरपालिकामा, माओवादी केन्द्रले बर्दिवास, रामगोपालपुर, गौशाला नगरपालिका र सम्सी गाउँपालिकामा, संघीय समाजवादी फोरमले सोनमा गाउँपालिकामा जित हासिल गरेको मुख्य निर्वाचन अधिकृत किरणकुमार पोखरेलले जनाएको छ।

जलेश्वर नगरपालिकाका प्रमुखमा राजपाका रामशंकर मिश्रले जितेका छन्। उनले ५ हजार १ सय ८० मत ल्याएको छ। निकटतम प्रतिद्वन्द्वी लोकतान्त्रिक फोरम नेपालका सुरेश साह सोनारले ३ हजार ३ सय ६३ मत प्राप्त गरे। यस्तै उपप्रमुखमा राजपाकै मुनचुन देवी महतोले ४ हजार ५ सय ६६ मत ल्याई जितेकी छिन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका अनिता शर्माले २ हजार ७ सय १७ मत प्राप्त गरेकी छिन्। जलेश्वर नगरपालिका १२ वडामध्ये राजपाले पाँच, माओवादीले एक, संघीय समाजवादी फोरमले १, राप्रपाले १, एमाले १, नेपाल लोकतान्त्रिक फोरम १ र स्वतन्त्र उम्मेदवार जितेको छ।

बर्दिवास नगरपालिकामा प्रमुख पदमा माओवादी केन्द्रका विदुरकुमार कार्कीले ९ हजार १ सय ८७ मत प्राप्त गरी जितेका छन्। निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका प्रल्हाद क्षेत्रीले ८ हजार १ सय ७० मत ल्याए। उपप्रमुखमा माओवादी केन्द्रकै कृष्णकुमारी गौतम विजयी भइन्। उनले ८ हजार ८ सय ३५ मत प्राप्त गरेकी छिन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका तारादेवी महतोले ७ हजार २३ मत प्राप्त गरेकी छिन्। बर्दिवासका १४ वडामध्ये नेपाली कांग्रेसले ४, नेकपा एमालेले १, माओवादी केन्द्रले ८ र राजपाले १ वडामा जित हासिल गरेको छ।

मटिहानी नगरपालिकामा राजपाका हरिप्रसाद मण्डलले ३ हजार ४ सय ४ मत प्राप्त गरी जित हासिल गरे। निकटतम प्रतिद्वन्द्वी एमालेका मुजिम राईने १ हजार ५ सय ९७ मत ल्याए। उपप्रमुखमा राजपाकै शिवोदेवी साह विजयी भईन्। उनले ३ हजार १ सय ७० मत प्राप्त गरिन्। निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका जुमैदा खातुनले १ हजार ६ सय ४८ मत ल्याएकी छिन्।

रामगोपालपुर नगरपालिकामा माओवादी केन्द्रका अशोककुमार मण्डल विजयी भए। उनले २ हजार ९ सय ४४ मत पाए। प्रतिद्वन्द्वी कांग्रेसका राजाराम यादवले २ हजार ७ सय ५८ मत पाए। उपप्रमुखमा माओवादीकै सीतादेवी साहले २ हजार ८ सय ९१ मत ल्याएर जितिन्। एकडारा गाउँपालिकामा राजपाका रामछविला साह २ हजार ३ सय १८ मत पाएर प्रमुख चुनिए। प्रतिद्वन्द्वी संघीय समाजवादी फोरमका दीपनारायण मण्डलले १ हजार ९ सय ३८ मत पाए। उपप्रमुखमा राजपाकै मजहवि खातुनले २ हजार ५ सय ५५ मत ल्याएर विजयी भइन्।

भंगहा सीतापुर नगरपालिकामा राजपाकै संजीव कुमार साहले ४ हजार ४ सय ७८ मत ल्याई विजय भए। प्रतिद्वन्द्वी माओवादीका राजनारायण थारुले ३ हजार ६६ मत पाए। राजपाकै गंगा कुमारी दनुवारले ४ हजार ३ सय ९६ मत ल्याएर उपप्रमुखमा चुनिन्।

बलवा नगरपालिकामा ३ हजार ६ सय १६ मत प्राप्त गरी नेपाली कांग्रेसका विनोदकुमार यादव प्रमुख बने। उनका निकटतम प्रतिद्वन्द्वी रामविजय महतोले ३ हजार ४ सय ९६ मत पाए। उपप्रमुखमा राजपाकी रितादेवी झा ३ हजार ८ सय ३६ मत ल्याई विजयी भइन्। राजपा अध्यक्ष मण्डलका नेता शरतसिंह भण्डारीको गृहनगर औरही नगरपालिकामा कांग्रेसका सुनिलकुमार यादव प्रमुख जितेका छन्। उनले ३ हजार १ सय ५९ मत पाए। निकटतम् प्रतिद्वन्द्वी राजपाका शंकर यादवले २ हजार ७ सय ११ मत ल्याए। उपप्रमुखमा भने राजपाकी रेणु झा विजयी बनिन्। उनले ३ हजार २ सय ५५ मत प्राप्त गरिन्।

लोहारपटी नगरमा पनि कांग्रेसका शैलेन्द्रकुमार यादव विजयी बने। उनले ४ हजार ५ सय २३ मत पाए। निकटतम प्रतिद्वन्द्वी राजपाका हविव राईनले २ हजार ९ सय १९ मत ल्याए। उपप्रमुखमा कांग्रेसकै सरिता शर्मा ४ हजार ५ सय ९२ ल्याई विजयी भइन् । गौशाला नगरपालिका र सम्सी गाउँपालिकामा माओवादी केन्द्रले जितेका छन्। गौशालाका प्रमुखमा शिवनाथ महतोले ५ हजार ९ सय ४४ मत ल्याई बाजी मारे। निकटतम् प्रतिद्वन्द्वी संघीय समाजवादी फोरमकी रामकुमारी देवीले ५ हजार १ मत ल्याइन्। उपप्रमुखमा माओवादी केन्द्रकै आशा लामाले जितिन्। उनले पाँच हजार ९ सय ४० मत पाइन्। सम्सीमा २ हजार ३ सय ३८ मत प्राप्त गरी माओवादी केन्द्रका शेख फारुकले प्रमुख पद जितेका छन्। निकटतम् प्रतिद्वन्द्वी संघीय समाजवादी फोरमका रामनाथ यादवले २ हजार २ सय ४४ मत प्राप्त गरे। उपप्रमुखमा माओवादी केन्द्रकै सुनितादेवी यादवले जितिन्। उनले २ हजार २ सय ३४ मत प्राप्त गरिन्।

सोनमा गाउँपालिकाको प्रमुखमा संघीय समाजवादी फोरमका राजकुमार यादव विजयी बने। उनले ४ हजार १ सय ३२ मत प्राप्त गरे। निकटतम् प्रतिद्वन्द्वी कांग्रेसका नवल यादवले २ हजार ४ सय १ मत ल्याए। उपप्रमुखमा संघीय समाजवादी फोरमकी जीवादेवी साह विजय बनिन्। उनले ३ हजार ४ सय ६९ मत प्राप्त गरे।

**उच्च अदालत पाटनबाट जारी भएको तपसिलका प्रत्यर्थीहरुका नाउँको १५ दिने म्याद सुचना**

उप्रान्त पुनरावेदक वादी ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १९ स्थित रहेको सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. ले तपाईहरु समेत उपर मिति २०७३/०६/११ मा निम्न मुद्दाको पुनरावेदन पत्र दायर गरे पश्चात यस अदालतबाट मिति २०७३/१०/२८ मा प्रत्यर्थी झिकाउने आदेश भई तपाईहरुका नाउँमा जारी भएको सूचना म्याद बेपत्ते तामेल भई आएको हुँदा यस अदालतले मिति २०७४/०५/१९ को आदेशानुसार तपाईहरुका नाउँको यो म्याद सूचना प्रकाशित गरिएको छ । सो मुद्दामा आफ्नो सवुत प्रमाण लिई म्याद/सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपाईहरु आफै उपस्थित हुन आउनु होला वा कानुन बमोजिम वारेश पठाउनु होला । म्याद गुजारी बसे कानुन बमोजिम हुनेछ । पछि तपाइहरुको उजुर वाजुर लाग्ने छैन ।

**०७३-DP-०५५८ ऋण असुली सम्बन्धी लेनदेन मुद्दाका प्रत्यर्थीहरु**

अमर बहादुर वानियाको नाती राजेन्द्र बहादुर वानियाको छोरा चितवन जिल्ला मंगलपुर गा.वि.स. वडा नं. ४ स्थायी घर भई ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १५ मा आर.एस. स्टोर संचालन गरेका काठमाडों जिल्ला साविक नागार्जुन न.पा. वडा नं. ४ सितापाईला हाल नागार्जुन नगरपालिका वडा नं. ४ बस्ने राजिव बानिया ....................१
ऐ.ऐ. बस्ने शुशिला गुरुङ्ग (बानिया)....................१
ऐ.ऐ. बस्ने कुमारी बुलबुल बानिया....................१

**०७३-DP-०५५९ ऋण असुली सम्बन्धी लेनदेन मुद्दाका प्रत्यर्थीहरु**

हरि प्रसाद खरेलको नाती खड्ग प्रसाद खरेलको छोरा झापा जिल्ला चकचके गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १२ शु-सेन्टर संचालन गरी बस्ने तुलसी प्रसाद खरेल....................१
खड्ग प्रसाद खरेलको बुहारी, तुलसी प्रसाद खरेलको श्रीमती झापा जिल्ला भद्रपुर न.पा. वडा नं. ४ बलभद्र स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १२ बस्ने तोम कुमारी श्रेष्ठ....................१
भिम बहादुर श्रेष्ठको नातीनी तेज बहादुर श्रेष्ठको छोरी झापा जिल्ला भद्रपुर न.पा. वडा नं. ४ स्थायी घर भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३२ बस्ने ममता श्रेष्ठ....................१
टिकाराम बुढाथोकीको नाती, काली बहादुर बुढाथोकीको छोरा सल्यान जिल्ला मार्के गा.वि.स. वडा नं. ९ घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १२ बस्ने बुद्धिमान बुढाथोकी ....................१

**०७३-DP-०५६० ऋण असुली सम्बन्धी लेनदेन मुद्दाका प्रत्यर्थीहरु**

टिकाराम दाहालको नाती डिल्लीरमण दाहालको छोरा ललितपुर जिल्ला कालेश्वर गा.वि.स. वडा नं. १ घर भई हाल ललितपुर म.न.पा. वडा नं. १३ बस्ने माधब दाहाल....................१
डिल्लीरमण दाहालको बुहारी, माधव दाहालको श्रीमती ललितपुर जिल्ला कालेश्वर गा.वि.स. वडा नं. १ घर भई हाल ललितपुर म.न.पा. वडा नं. १३ बस्ने सीता दाहाल ....................१
टिकाराम दाहालको नाती डिल्लीरमण दाहालको छोरा ललितपुर जिल्ला कालेश्वर गा.वि.स. वडा नं. १ घर भई ललितपुर जिल्ला साविक सुनाकोठी गा.वि.स. वडा नं. ४ बस्ने नारायण प्रसाद दाहाल ....................१
डिल्लीरमण दाहालको बुहारी, नारायण प्रसाद दाहालको श्रीमती ललितपुर जिल्ला कालेश्वर गा.वि.स. वडा नं. १ घर भई हाल ललितपुर जिल्ला साविक सुनाकोठी गा.वि.स. वडा नं. ४ बस्ने भावानी दाहाल ....................१

**०७३-DP-०५६१ ऋण असुली सम्बन्धी लेनदेन मुद्दाका प्रत्यर्थीहरु**

शुरविर श्रेष्ठको नाती, नर बहादुर श्रेष्ठको छोरा मोरङ जिल्ला अमरदह गा.वि.स. वडा नं. ५ स्थायी घर भई ललितपुर जिल्ला साविक ल.पु.उ.म.न.पा. वडा नं. १४ तिखिदेवल हाल ल.म.न.पा. वडा नं. १४ बस्ने सुनिल श्रेष्ठ....................१
मानध्वज मुखियको नातीनी, भीम बहादुर मुखियको छोरी ललितपुर जिल्ला साविक ल.पु.उ.म.न.पा. वडा नं. १४ तिखिदेवल हाल ल.म.न.पा. वडा नं. १४ बस्ने रोजिना मुखिया श्रेष्ठ....................१
दुर्गा प्रसाद ढकालको नाती, टेक प्रसाद ढकालको छोरा गोरखा जिल्ला ताम्दाङ गा.वि.स. वडा नं. २ स्थायी घर भई ललितपुर जिल्ला साविक ल.उ.म.न.पा. वडा नं. २७ लुखुसी हाल ललितपुर म.न.पा. वडा नं. १७ बस्ने रन्जन ढकाल....................१
श्री राम बहादुर शाहको नाती पल्टु शाहको छोरा महोत्तरी जिल्ला रामगोपालपुर गा.वि.स. वडा नं. ९ स्थायी घर भई ललितपुर जिल्ला साविक धापाखेल गा.वि.स. वडा नं. ८ बस्ने धर्मनाथ शाह ........१

**०७३-DP-०५६२ ऋण असुली सम्बन्धी लेनदेन मुद्दाका प्रत्यर्थीहरु**

गब्वीर लिम्बुको नाती, नर बहादुर लिम्बुको छोरा ताप्लेजुङ जिल्ला लेलेप गा.वि.स. वडा नं. ६ स्थायी घर भई ललितपुर जिल्ला साबिक ल.पु.उ.म.न.पा. वडा नं. १४ तिखिदेवल हाल ल.म.न.पा. वडा नं. १४ बस्ने केशव बहादुर सुब्बा....................१
धर्मलाल श्रेष्ठको नाती श्यामकृष्ण श्रेष्ठको छोरा काभ्रे जिल्ला बनेपा न.पा. वडा नं. ४ दक्षृटोल स्थायी घर भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २५ बस्ने रवि कृष्ण श्रेष्ठ....................१
अमृतमान राईको नातीनी जयमल सिंह राईको छोरी मोरङ्ग जिल्ला जयरवन गा.वि.स. वडा नं. ९ स्थायी घर भई ललितपुर जिल्ला साविक ल.उ.म.न.पा. वडा नं. १४ नखिपोट हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने बिना राई....................१
दल बहादुर लिम्बुको नातिनी खडग बहादुर लिम्बुको छोरी सुनसरी जिल्ला धरान न.पा. वडा नं. १९ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं.१३ बस्ने आश्मिका लिम्बु .......१
ईति सम्वत् २०७४ साल भाद्र २९ गते रोज ५ शुभम ....................।



# अर्थ

४५औं वर्षको औद्योगिक यात्रासम्म आइपुग्दा पञ्चकन्या ग्रुपअन्तर्गत म्यानुफ्याक्चरिङ, ट्रेडिङ, सेवालगायत एक दर्जनभन्दा बढी उद्योग संचालनमा छन् भने १ हजार २ सय जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन्।



ज्योति

## हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

## बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E | | | |
|---|---|---|---|---|
| | ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

# राजस्वमा श्रीलालीगुराँस सहकारीको पौने ५ करोड योगदान



नेपाल समाचारपत्र

काठमाडौं

श्रीलालीगुराँस बहुउद्देश्यीय सहकारी संस्थाले गत आर्थिक वर्षमा ४ करोड ७१ लाख ९९ हजार ९ सय ६४ रुपियाँ राजस्व बुझाएको छ। समग्र सहकारी संस्थामा राजस्वमा योगदान गर्नेमा यस संस्था अग्रणी स्थानमा आउने संस्थाले दाबी गरेको छ।

सहकारीको १९औं वार्षिकोत्सवको अवसरमा देशको आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको सहकारीको समग्र विकासको लागि यस संस्थाले आगामी वर्षमा थप नयाँ योजनामा लगानी गर्दै लैजाने संस्थाका प्रमुख कार्यकारी निर्देशक सुरेन्द्र भण्डारीले बताउनुभयो।

संस्थाले आव २०७२/७३ मा ६ करोड ६६ लाख ६९ हजार २ सय १३ खुद नाफा गरेकोमा १६ दशमलव ५७ प्रतिशतले वृद्धी गर्दै आव २०७३/७४ मा ७ करोड ७७ लाख १६ हजार ९ सय ६० रुपियाँ गरेको छ।

यसैगरी कुल कारोबार ६ दशमलव ६७ प्रतिशतले वृद्धि गरी ५ अर्ब २३ लाख ९८ हजार ३ सय ६८ रुपियाँ पुऱ्याएको छ। संस्थाको निक्षेपतर्फ ६ दशमलव ६७ प्रतिशतले वृद्धि भई ४ अर्ब १८ करोड ५० लाख ५५ हजार २ सय ३१ रुपियाँ पुगेको छ। कर्जा लगानीतर्फ ७ दशमल शून्य दशमलव १ प्रतिशतले वृद्धि भई ३ अर्ब १९ करोड २३ लाख ८० हजार ४ सय ३३ रुपियाँ पुगेको छ। शेयर पुँजीतर्फ १८ प्रतिशतले वृद्धि गरी ३७ करोड ५५ लाख २० हजार ९ सय पुऱ्याएको सहकारीले जनाएको छ।

ललितपुरको चापागाउँ, काठमाडौंको चाबहिल र भक्तपुरको कौशलटारमा सदस्य सुविधा काउन्टर सञ्चालन गरेको संस्था २०५६ साल भदौ १८ गते दर्ता भई २०५६ असोज १५ गतेबाट कारोबार शुरू गरेको थियो। संस्थाले श्री लालीगुराँस राष्ट्रिय उच्च मावि/कलेजमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ।

त्यसैगरी संस्थाको मुख्य लगानीमा सञ्चालित लालीगुराँस हस्पिटलमा प्रत्येक महिना निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ। संस्थाले स्वास्थ्यतर्फ ललितपुरको ताल्छिलेखमा लालीगुराँस हस्पिटल, शिक्षातर्फ काठमाडौंको नयाँबानेश्वरमा लालीगुराँस राष्ट्रिय उच्च मावि/कलेज, ऊर्जातर्फ सिन्धुपाल्चोक, लार्चामा भैरवकुण्ड हाइड्रोपावर, डेरी परियोजनातर्फ चितवन खैरहनीमा श्री लालीगुराँस डेरी फार्म एन्ड रिसर्च सेन्टर तथा जय लालीगुराँस इन्भेष्टमेन्ट ट्रेडिङ कम्पनीलगायत अन्य संस्थामा लगानी गरेको छ।

# पर्यटक तान्न सांस्कृतिक मेला



ललितपुर, (नेस)

पर्यटकको मुख्य गन्तव्य रहेको सम्पदास्थल र मूर्त अमूर्त संस्कृतिको संरक्षण गर्नुपर्ने सन्देश प्रवाह गर्दै शनिबार एक दिने पाटन सांस्कृतिक मेलाको आयोजना गरियो। विश्व पर्यटन दिवसको सर्न्दभमा हातेमालो सञ्चारले ललितपुर महानगरपालिका शहरी गरिबी पुनरुत्थान कार्यक्रमअर्न्तगत पाटन दरबार क्षेत्रमा कोतपाटी परिसरमा सो मेलाको आयोजना गरेको हो। मेलाको उद्घाटन महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले गर्नुभयो। सो अवसरमा प्रमुख महर्जनले ललितपुरका सम्पदा, संस्कृतिहरू नै पर्यटकहरूको मुख्य आकर्षणको केन्द्रबिन्दु रहेकाले त्यसको संरक्षण गर्न मेलाले टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा हातेमालो सञ्चारले पाटन घुम्न आउने र भ्रमण गर्न प्रेरित गर्न देश विदेशका पर्यटकहरूलाई लक्षित गरी तयार पारिएको हेरिटिज वाल्क पाटन नामक एप्स र बुकलेटको पनि अनावरण गरिएको थियो। समारोहमा एप प्रयोग गर्ने तरिकासमेत स्क्रिनमा देखाएर दर्शकलाई जानकारी दिइएको थियो।

त्यसैगरी पौभा सम्बन्धी वृत्तचित्रका प्रोमो पनि अनावरण गरिएको थियो। समारोहमा हातेमालो सञ्चारका अध्यक्ष नुपुर भट्टाचार्यले ललितपुरको पर्यटक उद्योगको मुख्य आधार सांस्कृतिक सम्पदा र मूर्त अमूर्त संस्कृति रहेको धारणा राख्दै त्यसलाई आर्थिक विकाससंग जोड्नुपर्नेमा जोड दिनुभयो। उहाँले सम्पदा संरक्षणका लागि त्यसको संरक्षणका लागेका व्यक्तिहरूको आर्थिकस्तर उकास्नुपर्ने धारणा राख्नुभयो।

मेला विभिन्न महिला समूह, सामाजिक संघसस्थाले तयार पारेको हस्तकलाजन्य सामग्री, नेपाली कागजबाट बनाइएको विभिन्न देवी देवताको मुखाकृति, धातुकलाका मूर्तिहरू, सिलाई, बुनाईका गरी करिब १२ वटा स्टलहरू राखिएको छ। त्यस्तै मेलामा पाटनका सांस्कृतिक सम्पदा, परम्परागत संगीत-नृत्य-वाद्यकला, खाद्य परिकारहरूको राखिएको छ।




"Success for Personal Touch"

## सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.,कुमारीपाटी-१९, ललितपुरका तपशिलका ऋणी सदस्यहरु तथा धनजमानीकर्ता सदस्यहरुलाई साँवा ब्याज तथा अन्य दै दस्तुर रकम चुक्ता गर्न जारी गरीएको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना ।

नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७४/०६/०८ गते,आइतवार

यस सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड मुख्य कार्यालय कुमारीपाटी ललितपुरबाट कर्जा लिनु भएका तपशिल बमोजिमका ऋणी सदस्यहरुका लागि यो सुचना प्रकाशित गरिएको छ। तपाईहरुले यस संस्थाबाट लिनु भएको कर्जाको भाखा नाघेको, साँवा ब्याज बुझाउन नल्याउनु भएको र पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत हाल सम्म संस्थालाई तिर्नु पर्ने साँवा ब्याज तथा हर्जाना रकम बुझाउन नआउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थाको कार्यालयमा सम्पर्क राखि बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना सहितको सम्पुर्ण रकम चुक्ता गरी बुझाउनु होला अन्यथा सहकारी ऐन २०४८, सहकारी नियमावली-२०४९ तथा यस संस्थाको विनियमावली बमोजिम तपाईहरुले संस्थालाई लेखिदिएको धितो लिलाम गरी वा कानुनमा व्यवस्था भएका अन्य कारवाहीहरु समेत गरी संस्थाको लेना रकम असुल उपर गरिने ब्योहोरा समेत जानकारी गराईन्छ ।

| क्र.स. | ऋणीको नाम ठेगाना र फोटो | धितोको विवरण |
|---|---|---|
| १. |  नाम : **सुरेन्द्र राज चम्लागाई**<br>बाबु : किसन लाल चम्लागाई<br>बाजे : मोतीखर चम्लागाई<br>ना.प्र.न.: ११४७०, जि.प्र.का. झापा<br>स्थायी ठेगाना : दमक-०९, झापा<br>अस्थायी ठेगाना :<br>का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं | तारा ढुङ्गेलको नाममा दर्ता रहेको जिल्ला झापा, मधुमल्ला-६, स्थित कि.नं. १३०८, १७३३ र १७३२ को क्षेत्रफल ०-१०-०-०, ०-४-१०-० र ०-०-१०-०, जिल्ला झापा, तोपगाछी-६, स्थित कि.नं. १३८ को क्षेत्रफल ०-१५-०-० र जिल्ला ईलाम, चुलाचुली-२, स्थित कि.नं. ४५ र २५१ को क्षेत्रफल ५६२५ व.मी. र २१८० व.मी. घरजग्गाहरु तथा सम्पुर्ण लिगलिगापात समेत । |

धनजमानीकर्ताको नाम ठेगाना तथा फोटो

१. नाम : **तारा ढुङ्गेल** 
बुबा : रोहित प्रसाद ढुङ्गेल
बाजे : तुलसी प्रसाद ढुङ्गेल
पति : सुरेन्द्र राज चम्लागाई
ना.प्र.न.: ५६९५, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-१३, झापा
अस्थायी ठेगाना : का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

३. नाम : **मिना देवी चम्लागाई** 
पति : किसन लाल चम्लागाई
ससुरा : मोतीखर चम्लागाई
ना.प्र.न.: ४६६२४७०३, जि.प्र.का. झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

२. नाम : **किसन लाल चम्लागाई** 
बुवा : मोतीखर चम्लागाई
बाजे : अग्नीधर चम्लागाई
ना.प्र.न.: १६९२/९८४२२, जि.प्र.का.झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

४. नाम : **कुम्भज गिरी** 
बुवा : टेकराज गिरी
ससुरा : नारायण गिरी
ना.प्र.न.: १४३०८, जि.प्र.का. गुल्मी
स्थायी ठेगाना : भरभुङ-०१, गुल्मी
अस्थायी ठेगाना :
धापाखेल-०१, खुमालटार, ललितपुर

| क्र.स. | ऋणीको नाम ठेगाना र फोटो | धितोको विवरण |
|---|---|---|
| २. |  नाम : **तारा ढुङ्गेल**<br>बुबा : रोहित प्रसाद ढुङ्गेल<br>बाजे : तुलसी प्रसाद ढुङ्गेल<br>पति : सुरेन्द्र राज चम्लागाई<br>ना.प्र.न.: ५६९५, जि.प्र.का. झापा<br>स्थायी ठेगाना : दमक-१३, झापा<br>अस्थायी ठेगाना :<br>का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं | तारा ढुङ्गेलको नाममा दर्ता रहेको जिल्ला झापा, मधुमल्ला-६, स्थित कि.नं. १३०८, १७३३ र १७३२ को क्षेत्रफल ०-१०-०-०, ०-४-१०-० र ०-०-१०-०, जिल्ला झापा, तोपगाछी-६, स्थित कि.नं. १३८ को क्षेत्रफल ०-१५-०-० र जिल्ला ईलाम, चुलाचुली-२, स्थित कि.नं. ४५ र २५१ को क्षेत्रफल ५६२५ व.मी. र २१८० व.मी. घरजग्गाहरु तथा सम्पुर्ण लिगलिगापात समेत । |

धनजमानीकर्ताको नाम ठेगाना तथा फोटो

१. नाम : **सुरेन्द्र राज चम्लागाई** 
बाबु : किसन लाल चम्लागाई
बाजे : मोतीखर चम्लागाई
ना.प्र.न.: ११४७०, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-०९, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

३.नाम : **मिना देवी चम्लागाई** 
पति : किसन लाल चम्लागाई
ससुरा : मोतीखर चम्लागाई
ना.प्र.न.: ४६६२४७०३, जि.प्र.का. झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

२. नाम : **किसन लाल चम्लागाई** 
बुवा : मोतीखर चम्लागाई
बाजे : अग्नीधर चम्लागाई
ना.प्र.न.: १६९२/९८४२२, जि.प्र.का. झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

४. नाम : **कुम्भज गिरी** 
बुवा : टेकराज गिरी
ससुरा : नारायण गिरी
ना.प्र.न.: १४३०८, जि.प्र.का. गुल्मी
स्थायी ठेगाना : भरभुङ-०१, गुल्मी
अस्थायी ठेगाना :
धापाखेल-०१, खुमालटार, ललितपुर

| क्र.स. | ऋणीको नाम ठेगाना र फोटो | धितोको विवरण |
|---|---|---|
| ३. |  नाम : **मिना देवी चम्लागाई**<br>बाबु : श्री राम ढगांल<br>ससरु : मोतीखर चम्लागाई<br>पति : किसन लाल चम्लागाई<br>ना.प्र.न.: ४६६२४७०३, जि.प्र.का. झापा<br>स्थायी ठेगाना : दमक-०९, झापा<br>अस्थायी ठेगाना :<br>का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं | तारा ढुङ्गेलको नाममा दर्ता रहेको जिल्ला झापा, मधुमल्ला-६, स्थित कि.नं. १३०८, १७३३ र १७३२ को क्षेत्रफल ०-१०-०-०, ०-४-१०-० र ०-०-१०-०, जिल्ला झापा, तोपगाछी-६, स्थित कि.नं. १३८ को क्षेत्रफल ०-१५-०-० र जिल्ला ईलाम, चुलाचुली-२, स्थित कि.नं. ४५ र २५१ को क्षेत्रफल ५६२५ व.मी. र २१८० व.मी. घरजग्गाहरु तथा सम्पुर्ण लिगलिगापात समेत । |

धनजमानीकर्ताको नाम ठेगाना तथा फोटो

१. नाम : **तारा ढुङ्गेल** 
बुबा : रोहित प्रसाद ढुङ्गेल
बाजे : तुलसी प्रसाद ढुङ्गेल
पति : सुरेन्द्र राज चम्लागाई
ना.प्र.न.: ५६९५, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-१३, झापा
अस्थायी ठेगाना : का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

३. नाम : **सुरेन्द्र राज चम्लागाई** 
बाबु : किसन लाल चम्लागाई
बाजे : मोतीखर चम्लागाई
ना.प्र.न.: ११४७०, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-०९, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडा र

२. नाम : **किसन लाल चम्लागाई** 
बुवा : मोतीखर चम्लागाई
बाजे : अग्नीधर चम्लागाई
ना.प्र.न.: १६९२/९८४२२, जि.प्र.का. झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

धनजमानीकर्ताको नाम ठेगाना तथा फोटो

| क्र.स. | ऋणीको नाम ठेगाना र फोटो | धितोको विवरण |
|---|---|---|
| ४. |  नाम : **किसन लाल चम्लागाई**<br>बुवा : मोतीखर चम्लागाई<br>बाजे : अग्नीधर चम्लागाई<br>ना.प्र.न.: १६९२/९८४२२, जि.प्र.का. झापा<br>स्थायी ठेगाना : खजुरगाछी-०८, झापा<br>अस्थायी ठेगाना :<br>का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं | तारा ढुङ्गेलको नाममा दर्ता रहेको जिल्ला झापा, मधुमल्ला-६, स्थित कि.नं. १३०८, १७३३ र १७३२ को क्षेत्रफल ०-१०-०-०, ०-४-१०-० र ०-०-१०-०, जिल्ला झापा, तोपगाछी-६, स्थित कि.नं. १३८ को क्षेत्रफल ०-१५-०-० र जिल्ला ईलाम, चुलाचुली-२, स्थित कि.नं. ४५ र २५१ को क्षेत्रफल ५६२५ व.मी. र २१८० व.मी. घरजग्गाहरु तथा सम्पुर्ण लिगलिगापात समेत । |

१. नाम : **सुरेन्द्र राज चम्लागाई** 
बाबु : किसन लाल चम्लागाई
बाजे : मोतीखर चम्लागाई
ना.प्र.न.: ११४७०, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-०९, झापा
अस्थायी ठेगाना : का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

३. नाम : **मिना देवी चम्लागाई** 
पति : किसन लाल चम्लागाई
ससुरा : मोतीखर चम्लागाई
ना.प्र.न.: ४६६२४७०३, जि.प्र.का. झापा
स्थायी ठेगाना : खजुरगाछी-०८, झापा
अस्थायी ठेगाना : का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

२. नाम : **तारा ढुङ्गेल** 
बुबा : रोहित प्रसाद ढुङ्गेल
बाजे : तुलसी प्रसाद ढुङ्गेल
पति : सुरेन्द्र राज चम्लागाई
ना.प्र.न.: ५६९५, जि.प्र.का. झापा
स्थायी ठेगाना : दमक-१३, झापा
अस्थायी ठेगाना :
का.म.न.पा.-२२, सुन्धारा, काठमाडौं

४. नाम : **कुम्भज गिरी** 
बुवा : टेकराज गिरी
ससुरा : नारायण गिरी
ना.प्र.न.: १४३०८, जि.प्र.का. गुल्मी
स्थायी ठेगाना : भरभुङ-०१, गुल्मी
अस्थायी ठेगाना :
धापाखेल-०१, खुमालटार, ललितपुर

## सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.

**Supreme Saving and Credit Co-Operative Ltd.**

**Head Office:** Kumaripati-19, Lalitpur, Tel: 55 29 221, 50 08 613
**Member Service Centre:** Purano Baneshwor, Ktm., Tel: 01-44 89 660
**Email:** savingsupreme@yahoo.com, **Website:** www.supremesaving.com.np

"Always Superior in Saving & Credit"

बैंक तथा वित्तीय संस्थाहरु (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति असार मसान्तमा १५२ अर्ब २६ करोड रहेकोमा साउन मसान्तमा ५ प्रतिशतले वृद्धि भई १५९ अर्ब ८० करोड पुगेको छ। साउन मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३ दशमलव ३ प्रतिशत रहेको छ।



# पञ्चकन्या ग्रुपका अध्यक्ष प्रेमबहादुर श्रेष्ठ सम्मानित

काठमाडौं, (नेस)

पञ्चकन्या ग्रुपका अध्यक्ष प्रेमबहादुर श्रेष्ठ न्यूबिज विजनेस कनलेभ एन्ड अवार्डद्वारा प्रदान गरिएको लाइफटाइम एचिभमेन्ट इन विजनेस लिडरसिपबाट सम्मानित हुनुभएको छ।

उहाँको स्पष्ट विचार, नवीनतम् उद्यमशीलता, कुशल नेतृत्व तथा दूरदृष्टिले गर्दा पञ्चकन्या ग्रुप उचाईमा पुग्न सफल भएको भन्दै उक्त सम्मान प्रदान गरिएको हो। उद्यमशीलतामार्फत् रोजगारी सिर्जना गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउनमा उहँको ठूलो भूमिका छ। गुणस्तरीय सामग्री उत्पादनमा अग्रणी स्थान ओगट्न सफल पञ्चकन्या नेपाली बजारमा चिरपरिचित नाम हो।



४५औं वर्षको औद्योगिक यात्रासम्म आइपुग्दा पञ्चकन्या ग्रुपअन्तर्गत म्यानुफ्याक्चरिङ, ट्रेडिङ, सेवालगायत एक दर्जनभन्दा बढी उद्योग संचालनमा छन् भने १ हजार २ सय जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन्।

## लेकाली सहकारीको साधारणसभा सम्पन्न

काठमाडौं, (नेस)

लेकाली बचत तथा ऋण सहकारी सस्थाको १०औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष केदारनाथ दवाडीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रमका प्रमुख अतिथि सांसद डा. आरजु राणा देउवाले शुभकामना व्यक्त गर्दै सहकारी सिद्धान्त अनुरूप सबैले काम गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा उपाध्यक्ष प्रकाशचन्द्र दवाडीले स्वागत मन्तब्य दिनु भएको थियो भने सचिव शम्भुप्रसाद अधिकारीले संस्थाको प्रगति विवरण र वार्षिक योजना, नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको थियो।

संस्थाका कोषाध्यक्ष दयानिधि दवाडीले आफ्नो प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा उक्त संस्थाले शेयर सदस्यका अविभावकमध्ये सबैभन्दा जेष्ठ नागरिक तथा यस ईई परीक्षमा उत्कृष्ट नतिजा ल्याउने निजका छोराछोरीलाई सम्मान गरेको थियो। साथै संस्थाले यस वर्षको स्रष्टा सम्मान पनि गरेको कुरा कर्मचारी ऋण अधिकृत दाताराम ढकालले जानाकारी दिनुभयो।

## एनसीसी बैंकको सूर्य विनायकमा नयाँ शाखा

काठमाडौं, (नेस)

नेपाल क्रेडिट एन्ड कमर्स बैंकले शुक्रबार भक्तपुरको सूर्यविनायकमा शाखा सञ्चालनमा ल्याएको छ। उक्त शाखाको उद्घाटन बैंकका सञ्चालक समितिका अध्यक्ष उपेन्द्रकेशरी न्यौपानेले गर्नु भएको थियो। शाखा उद्घाटन कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष केपी अवालेलगायतको सहभागिता रहेको थियो।

## विदेशी विनिमय सञ्चिति थोरै घट्यो

काठमाडौं, (नेस)

अघिल्लो महिनाको तुलनामा कुल विदेशी विनिमय सञ्चिति २० दशमलव १ प्रतिशतले कमी साउन मसान्तसम्म १०७८ अर्ब ८४ करोड रहेको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति असार मसान्तमा ९२७ अर्ब २७ करोडको तुलनामा साउन मसान्तमा शून्य दशमलव ९ प्रतिशतले कमी आई ९१९ अर्ब ४ करोड रहेको छ।

## प्रभु क्यापिटलले लाभांकश दिने

काठमाडौं, (नेस)

प्रभु बैंकको सहायक कम्पनी प्रभु क्यापिटलको नवौ वार्षिक साधारणसभा सम्पन्न भएको छ।

कम्पनी सञ्चालक समितिका अध्यक्ष विनोद थकालीको सभापतित्वमा भएको उक्त साधारणसभाले आव २०७३/७४ को वित्तीय विवरण पारित गर्दै सो आर्थिक वर्षको नाफाबाट २० प्रतिशत नगद लाभांश वितरण गर्नेलगायतका विषय पारित गरेको कम्पनीले जनाएको छ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**ईटाच्छें शाखाको ३५ दिने सार्वजनिक सूचना**

मान सागर कायस्थको नाति, जीतबहादुर कायस्थको छोरा, श्रीमति सुवण कुमारी कायस्थको पति, भ. पू. जि., भ. पू. न. पा. वडा नं १५ बस्ने बर्ष ७३ को लीलाबहादुर कायस्थ, अमीर बहादुर कायस्थ, बेल बहादुर कायस्थको नाममा यस बैंकको ईटाच्छें शाखामा खाता नं. ०३७१२२००६८६४५२४ को संयुक्त बचत खाता रहेकोमा खाताबाला मध्येको लीलाबहादुर कायस्थको मिति २०७३/०५/१३ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, भक्तपूर नगरपालिका वडा नं १५ , भक्तपूरको मिति २०७३/०५/२९ गतेको मृत्युदर्ता प्रमाण पत्र लगायतका कागजातहरु पेश गरी अमीर बहादुर कायस्थ, बेल बहादुर कायस्थ र सुजीत कायस्थले उक्त रकमको भुक्तानी पाउँ भनि संयुक्त निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकहरुको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकहरूले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको ईटाच्छें शाखामा आफ्नो लिखित प्रमाण कागजहरु सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

**पर्सा शाखाको ३५ दिने सार्वजनिक सूचना**

रण बहादुर रावलको नाति, गज बहादुर रावलको छोरा, श्रीमति युवति रावलको पति, चितवन जिल्ला, खैरहनी नगरपालिका वडा नं ४ बस्ने बर्ष ६२ को नेत्र बहादुर रावलको नाममा यस बैंकको पर्सा शाखामा खाता नं. २४६१००००००५९५२४ को बचत खाता रहेकोमा खाताबाला नेत्र बहादुर रावलको मिति २०७४/०३/१० गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, खैरहनी नगरपालिका वडा नं. १० , चीतवनको मिति २०७४/०४/०१ गतेको मृत्यु दर्ता प्रमाण पत्र लगायतका कागजातहरु पेश गरी स्व. नेत्र बहादुर रावतलको पत्नी श्रीमति युवति रावलले उक्त रकमको भुक्तानी पाउँ भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको पर्सा शाखामा आफ्नो लिखित प्रमाण कागजहरु सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।




| Dominar 400 | Pulsar RS 200 | Pulsar AS 200 | Pulsar AS 150 | Pulsar 200NS | Pulsar NS160 | Pulsar 220F DTS-i | Pulsar 180 DTS-i | Pulsar 150 DTS-i | Avenger Cruise 220 | Avenger Street 220 | Avenger Street 150 | V | Discover 150 | Discover 125 Disc | Discover 125 Drum | Platina ES |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Rs. 4,69,900/- | Rs. 3,99,900/- | Rs. 2,86,900/- | Rs. 2,51,900/- | Rs. 2,92,900/- | Rs. 2,59,900/- | Rs. 2,89,900/- | Rs. 2,51,900/- | Rs. 2,39,900/- | Rs. 3,04,900/- | Rs. 2,92,900/- | Rs. 2,58,900/- | Rs. 2,11,900/- | Rs. 2,01,900/- | Rs.1,84,900/- | Rs. 1,76,900/- | Rs. 1,53,900/- |

SOLE DISTRIBUTOR FOR NEPAL:
**Hansraj Hulaschand & Co. Pvt. Ltd.**, Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj
Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555

**KATHMANDU VALLEY:**
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386

**EASTERN REGION:**
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 520974, Katari 450207, Mirchaiya 550585, Pathari 556082

**CENTRAL REGION:**
Charikot 421925, Banepa 660295, Nuwakot 561817, Dhading 9851006950, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303

**WESTERN REGION:**
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520316, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Parasi 520048, Bhairahawa 521855, Butwal 544549, Jeetpur (4 No.) 550249, Palpa 521349, Tamghas 520419, Arghakhanchi 420288, Rampur 400480, Waling 9856055684, Chandruata 540457

**MID-WESTERN REGION:**
Lamahi 540647, Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 522753, Ghorahi 560743, Pyuthan 460375, Guleriya 420375, Jumla 520205

**FAR-WESTERN REGION:**
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 420116, Lamki 540365, Darchula 9858751055

# भलिबललाई प्याब्सनको साथ




प्याब्सन अध्यक्ष विजय सम्बाहाम्फे र नेपाल विद्यालय भलिबल कमिसनका अध्यक्ष रामबहादुर केसी प्रायोजन सम्झौता गर्दै।

काठमाडौं, (नेस)

आगामी कात्तिक १२ गतेदेखि राजधानीमा आयोजना हुने यू-१८ महिला तथा पुरुष राष्ट्रिय भलिबल प्रतियोगितालाई निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन)ले मुख्य प्रायोजन गर्ने भएको छ।

नेपाल विद्यालय भलिबल कमिसनको आयोजनामा कात्तिक १८ गतेसम्म सञ्चालन हुने प्रतियोगिताका लागि प्याब्सनले ५ लाख रुपियाँ प्रायोजन गरेको छ। शनिबार एक कार्यक्रममा प्याब्सनका अध्यक्ष विजय सम्बाहाम्फे र नेपाल विद्यालय भलिबल कमिसनका अध्यक्ष रामबहादुर केसीले प्रायोजन सम्झौतामा हस्ताक्षर गरे।

नयाँ बसपार्कमा आयोजना हुने प्रतियोगितामा १२ पुरुष र आठ महिला टोलीको सहभागिता रहनेछ। प्रतियोगिताका विजेता टोलीले १ लाख, उपविजेताले ६० हजार र तेस्रो स्थान हासिल गर्ने टोलीले ३५ हजार रुपियाँ नगद पुरस्कार प्राप्त गर्ने कमिसनका अध्यक्ष केसीले जानकारी दिए।

प्रतियोगिताको उत्कृष्ट खेलाडीले नगद ५ हजार पुरस्कार प्राप्त गर्नेछन् भने विधागत उत्कृष्टतर्फ बेस्ट स्पाइकर, सेटर, ब्लकर, सर्भर र डिफेन्सले ३ हजार रुपियाँ प्राप्त गर्नेछन्। प्रतियोगिता सञ्चालनका लागि १३ लाख ५० हजार रुपियाँ खर्च हुने अनुमान कमिसनको छ।

**प्रशिक्षक राई सम्मानित**

न्यु डायमन्ड एकेडेमीका प्रधानाध्यापक एवम् भलिबल प्रशिक्षक कुमार राई शनिबार सम्मानित भएका छन्। भलिबललाई राष्ट्रिय खेल बनाउन र उदीयमान नवप्रतिभावान खेलाडी उत्पादनमा पुर्‍याएको योगदानको कदर गर्दै राईलाई नयाँ नैकापमा अवस्थित तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी संस्थाले सम्मान गरेको हो।

कार्यक्रममा हाल नेदरल्यान्ड्समा रहेकी राष्ट्रिय भलिबल खेलाडी प्रतिभा माली र न्यु डायमन्ड स्पोर्टस् क्लबलाई पनि सम्मान गरिएको थियो।

# भारतलाई कबड्डी उपाधि

काठमाडौं, (नेस)

भारतले अन्तर्राष्ट्रिय आमन्त्रण पुरुष कबड्डी प्रतियोगिताको उपाधि जितेको छ।

शनिबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको फाइनलमा भारतले नेपाललाई ५९-२१ ले पराजित गर्‍यो। भारतका गुर्दिप उत्कृष्ट केचर तथा भारतकै विनित शर्मा उत्कृष्ट रेडर चुनिए। राउन्ड रोविन लिगमा भारत विजेता र नेपाल उपविजेता बन्दै उपाधि भिडन्त पक्का गरेका थिए।

अखिल नेपाल कबड्डी संघद्वारा आयोजित ३ राष्ट्र सहभागी प्रतियोगिताको राउन्ड रोविन लिगमा भारतले नेपाल र बंगलादेशलाई हराएको थियो। त्यस्तै नेपालले बंगलादेशलाई पराजित गरेको थियो। विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव केशवकुमार विष्ट, कबड्डी संघकी अध्यक्ष तुलसी थापालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। कार्यक्रममा सदस्य-सचिव विष्टले संघलाई दक्षिण एसियाली कबड्डी च्याम्पियनसिपको तयारी गरे राखेपले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

# देवेशलाई पौडीको उपाधि

पोखरा, (नेस)

एपिएफ क्लबका देवेश मानन्धरले पोखरामा सम्पन्न सातौं खुल्ला पौडी प्रतियोगिताको उपाधि जितेका छन्।

नेपाल पौडी संघको तत्त्वावधान तथा कास्की जिल्ला पौडी संघको आयोजनामा पोखराको फेवातालमा भएको २ दशमलव ५ किलोमिटर दूरी २१ मिनट ०४ दशमलव शून्य १ सेकेन्डमा पूरा गर्दै उनले उपाधि जितेका हुन्। उनले नगद २५ हजार, मेडल र प्रमाणपत्र प्राप्त गरे। दोस्रो स्थानमा एपीएफकै शुभम् श्रेष्ठ रहे। उनले २१ मिनेट ०४ दशमलव शून्य ७ सेकेन्डमा दूरी पार गरे। यस्तै तेस्रो स्थानमा रहेका सेनाका रुद्र कटुवालले २१ मिनेट ५० दशमलव ९६ सेकेन्डमा दूरी पार गरे। दोस्रो र तेस्रो हुनेले नगद १५ र १० हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गरे।

प्रतियोगिताको महिलातर्फ पोल्यान्डकी भेनिसा ज्वीक २५ मिनट शून्य दशमलव ३४ सेकेन्डका साथ पहिलो हुन सफल भइन्। दोस्रो स्थानमा उपास्ती महर्जन र तेस्रो स्थानमा अनुष्का पोखरेल रहे। उनीहरूले उक्त दूरी २५ मिनट ४७ दशमलव ३१ सेकेन्ड र २६ मिनट ५६ दशमलव ९२ सेकेन्डमा पार गरे। पहिलो दोस्रो र तेस्रो हुनेले क्रमशः ८ हजार ५ हजार र ३ हजार नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गरे।

# एपीएफ सेमिफाइनलमा

बिर्तामोड, (नेस)

सशस्त्र प्रहरीको एपीएफ टिम झापामा जारी प्रथम दूधे गोल्ड कप फुटबलको सेमिफाइनलमा प्रवेश गरेको छ।

शनिबार रूपन्देही ११ माथि २-१ गोलको जित दर्ता गरेसँगै गोल्डकपको सेमी समीकरण पनि पूरा भएको छ। एपीएफ सेमिफाइनल पुग्ने पहिलो विभागीय टोली हो। अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लब मोरङ ११ सँग पराजित भएको थियो।

रूपन्देहीविरुद्ध राम्रो मुभ बनाएको एपीएफका लागि पहिलो हाफको ३६औं मिनेटमा मात्र युवराज खड्का गोल गर्न सफल भए। दोस्रो हाफको १६औं मिनेटमा पुनः खड्काले नै व्यक्तिगत दोस्रो गोल गर्दै अग्रतालाई दोब्बर बनाए। २-० को अग्रतालाई चिर्न रूपन्देहीले दोस्रो हाफको २३औं खर्चिनुपरेको थियो। झापाली दर्शकको समर्थन पाएको रूपन्देहीका लागि अफ्रिकन खेलाडी जुनिडले सान्त्वना गोल फर्काएका हुन्।

खेलमा दुई गोल गरेका एपीएफका युवराज खड्का खेलको म्यान अफ दि म्याच घोषित भए। उनले नगद ५ हजार पाए। पहिलो सेमिफाइनल खेलमा आइतबार चर्च ब्वाइज युनाइटेड काठमाडौं र मोरङ-११ एफसीबीच स्पर्धा हुँदै छ। एपीएफले भने हिमालयन शेर्पासँग सोमबार प्रतिस्पर्धा गर्नेछ।

# रसिला र सुमन उत्कृष्ट

काठमाडौं, (नेस)

मनमैजु तेक्वान्दो डोजाङकी रसिला तामाङ र आयोजक ढल्को तेक्वान्दो डोजाङका सुमन उप्रेती प्रथम उपत्यकाव्यापी आमन्त्रण तेक्वान्दो च्याम्पियनसिपमा उत्कृष्ट खेलाडी घोषित भएका छन्।

शनिबार ढल्कोमा भएको प्रतियोगितामा रसिलाले महिला ४६ केजीमुनि र सुमनले पुरुष २८ केजीमुनि तौलसमूहमा स्वर्ण पदक जितेका थिए। उत्कृष्टलाई काठमाडौं महानगरपालिकाका उपमेयर हरिप्रभा खड्गी र आयोजक डोजाङका प्रमुख राजेन्द्र पुजारीले ट्रफी तथा मेडल प्रदान गरिन्।

ढल्को तेक्वान्दो डोजाङद्वारा आयोजित २ दिने प्रतियोगितामा दिलिप स्मृति डोजाङले ३ स्वर्ण, ४ रजत र २ कांस्य पदक जित्दै टिम च्याम्पियनको उपाधि उचाल्न सफल भयो। लैनचौर डोजाङले ३ स्वर्ण र ५ कांस्य पदक जित्दै दोस्रोमा सीमित भयो। मनमैजुका डोजाङले २ स्वर्ण, ४ रजत र २ कांस्य पदक हात पार्दै तेस्रो स्थान प्राप्त गर्‍यो। आयोजक ढल्कोले २ स्वर्ण, ३ रजत र ८ कांस्य पदक जित्न सफल भयो। प्रतियोगितामा माइती नेपालले अनुशासित टिमको ट्रफी प्राप्त गर्‍यो।

## धरहरा

### धन्य नेपाली खेलाडी !



बेलाबेलामा अनेकौं हर्कत गरेर उपद्रो गरिरहने नेपालीहरू देखेर विगतका दिनदेखि नै धरहरा वाक्कदिक्क भइसकेको छ। आज फेरि नेपालीहरूको एउटा हाँसो उठ्दो उपद्रोको पर्दाफास भएको छ। त्यो हो नेपाली खेलाडीहरूले तुर्कमेनिस्तानमा भइरहेको एक अन्तर्राष्ट्रिय खेलमा देखाएको हर्कत। हुन त नेपाली खेलाडीले देशबाहिर हुने खेलमा धेरै नराम्रा रेर्कड राखिसेकेका छन्। खेल पदाधिकारीसँग अभद्र व्यवहारदेखि खेल खेल्न गएको देशमै बेपत्ता हुने।

आज यहाँ धरहराको दूरबीनले देखेको अनौंठो दृश्य बयान हुँदै छ। तुर्कमेनिस्तानको अस्गाबातमा चलिरहेको पाँचौं एसियन इन्डोर एन्ड मार्सल आर्टस् गेम्समा नेपाली खेलाडीले देखाएको व्यवहार एकदमै लाजमर्दो र देशकै प्रतिष्ठाको धज्जी उडाउने खालको छ। गाँठे कुरा के भने नेपाली खेलाडी सहभागी भएको मुआ थाइका खेलका एक नेपाली खेलाडीले रिङमै नउत्रेर आफूलाई पराजित बनाए। उनले बहाना पनि यस्तो बनाए कि उनले खेलको समय नै थाहा छैन रे। अब हेर्नुस्, खेलको समय नै थाहा नभएको कस्ता खेलाडी हुन्? बरु म खेल्दिनँ यहाँ घुमघाम गरेर नेपाल फर्कन्छु भनेको भए हुन्थ्यो कि?

अर्का खेलाडीको हर्कत सुनौं। चेसका खेलाडी त चेस खेल्न आए तर ४० मिनेट ढिला आइपुगे। अनि यति ढिला आएर केको खेल खेल्न पाउनु त। उनीहरू कहिले आउँलान् र खेल्लान् भनेर पर्खिरहेको धरहराको सितैमा समय बित्यो। फेरि कुँरासका खेलाडीले पनि चर्तिकला देखाए। शौचालय गएर फर्कंदा उनी हारिसकेका थिए। अब रेफ्रीले पनि उनी शौचालय गएको भनेर कसरी थाहा पाउलान्? रेफ्रीलाई लाग्यो कि उसले 'वाकओभर' दियो। उनका प्रतिस्पर्धीले जितिहाले। धन्य नेपाल खेलाडी। धराहरालाई नेपाली खेलाडी डराएका हुन् कि जस्तो लागेको छ है।

अब हेर्नुस् नेपाली खेलाडीको चाला। उनीहरू खेल खेल्न गएका कि विदेश सयर गर्न गका? कुरै बुझ्न गाह्रो छ पाठकवृन्द!







साधनाको नयाँ अंकका आकर्षणहरु

जडीबुटीको प्रयोग : चिने अमृत, नचिने विष
आधुनिक औषधिले निको हुन नसकेका रोग जडीबुटीको प्रयोगले ठीक भएका छन् भने यसको जथाभावी प्रयोगले ज्यान नै गएका पनि छन् । कसैका लागि यहाँ जडीबुटी अमृत भएको छ त कसैका लागि विष । आँसु नै आउने घटना विवरणसहित ठोस योजना र नीतिको अभावमा रनभुल्लमा परेको जडीबुटी उपचारसम्बन्धी खोजमूलक आवरण स्टोरी ।

आवश्यकता बनेको स्वास्थ्य बिमा
स्वास्थ्य उपचार गराउन नसक्दा धेरैको ज्यान गइरहेको अवस्थालाई मध्यनजर गरी सरकारले स्वास्थ्य बिमा कार्यक्रम शुरू गरेको छ । यो बिमा कहाँ-कहाँ लागू भएको छ, कसरी सदस्य बन्ने, कस्ता उपचार कसरी प्राप्त गर्ने ? जानकारीमूलक रिपोर्ट ।

घुँडा दुखेर हैरान, के गर्ने ?
अस्वस्थ जीवनशैलीका कारण धेरैलाई घुँडा दुख्ने समस्याले हैरान पारेको छ । दुखाइ सहने वा पेनकिलर खाएर केही क्षणलाई सन्चो बनाउने गर्दा यो समस्या झन् जटिल बन्न पुग्छ अनि अन्त्यमा शल्यक्रियाबाहेक विकल्प रहँदैन । त्यसो भए के गर्ने त ? घुँडा दुख्नेहरूका लागि उपयोगी रिपोर्टिङ ।

बालबालिकामा लर्निङ डिस्अर्डर
पढ्ने, लेख्ने, गणित हल गर्नेजस्ता सवालमा कुनै विषयमा बालबालिका निकै पछाडि देखिन्छन् भने लर्निङ डिसअर्डर भएको हुन सक्छ । समयमै मनोवैज्ञानिक उपचार गरे त्यस्ता बालबालिकालाई नर्मल अवस्थामा ल्याउन सकिन्छ । मनोविद्को उपयोगी लेख ।

चाडपर्वका खाद्यपरिकार
कुनै चाडपर्वमा मासुका परिकारलाई मात्र ग्राह्यता दिइएको हुन्छ भने कुनैमा गुलिया मिठाईका प्रकारलाई बढी प्राथमिकता दिइन्छ । यसरी ४-५ दिनसम्म एकै प्रकारको खाद्यपदार्थ खाँदा स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्छ । यसलाई कसरी सन्तुलित गर्ने त ? न्युट्रेसन विज्ञको जानकारीमूलक लेख ।

गर्भावस्थामा रक्तचाप बढ्यो कि ?
गम्भीर खालको रक्तचापको समस्या भैसकेपछि पनि आवश्यक उपचार नगरेको खण्डमा गर्भवती महिलालाई कम्पन छुट्ने समस्या देखा पर्न सक्छ । यस्तो अवस्थामा आमा तथा बच्चा दुवैको ज्यान जोखिममा हुन्छ । स्त्रीरोग विशेषज्ञको लेख ।

स्वस्थकर जीवनका लागि लाइफस्टाइल मेडिसिन
देख्दा निकै सामान्य लाग्ने जीवनशैली चिकित्सा विधि अपनाएर अहिलेको समयमा बिगबिगीका रूपमा रहेका मधुमेह, उच्च रक्तचाप, हार्ट अट्याक, डिप्रेसन, हड्डीका समस्या आदिको व्यवस्थापन तथा उपचार गर्न सकिन्छ । विज्ञद्वारा तयार पारिएको सुझावयुक्त आलेख ।

सौन्दर्यप्रति टिनएजको आकर्षण, अनुहार बिग्रेला नि !

स्वाइन फ्लुले नछोड्ने नै भयो त ?

वृद्धवृद्धाका लागि हार्मोनी होम केयर

यौनलतको सिकार

साथमा
तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ टेन हेल्थ फ्याक्ट्स, हेल्थ न्युज, जनअदालत, हेल्थसँग सम्बन्धित रोचक र उपयोगी टिप्सहरू ।




सर्वत्र बजारमा उपलब्ध छ !

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फयाक्सः ४-२१८९९०, Email: news@newsofnepal.com, nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ